सहमति भएमा वा प्रतिनिधिले चुनेमा पुनः अध्यक्ष... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ | •अंक १९३ | • २०८२ साल मंसिर २६ गते शुक्रबार (12 December, Friday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## सत्तारुढ गठबन्धनको बैठक आज

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको सत्तारुढ सात दलीय गठबन्धनको बैठक शुक्रबार बस्ने भएको छ ।

मधेश प्रदेश सरकारको विस्तारदेखि विश्वासको मतसम्मका विषयवस्तुमा छलफलका लागि शुक्रबार मधेश भवनमा बैठक बस्ने भएको छ ।

कृष्णप्रसाद यादव सरकार गठन भएको एक साता वितिसक्दा पनि मन्त्रिमण्डल विस्तार र विश्वासको मत लिने दिन अझैसम्म पनि अनिर्णित रहेकाले सात दलीय गठबन्धनको बैठकमा छलफल हुने बताइएको छ ।

जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक राम अशिष यादवले मुख्यमन्त्रीले विश्वासको मत लिने समयबारे छलफल हुने जानकारी दिए ।

उक्त बैठकबाट मन्त्रिमण्डल विस्तार, मन्त्रालयको जिम्मेवारी बाँडफाँड र विश्वासको मत लिने समयबारे अन्तिम टुंगो लाग्ने बताइन्छ ।

सात दलीय गठबन्धनमा नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र लोसपा नेपाल रहेका छन् भने एक सिट रहेको नागरिक उन्मुक्ति पार्टीपनि गठबन्धनमा छ ।

### वन कर्मचारीको अराजकताविरुद्ध लेखा समूह

# तीन बुँदे माग पूरा नभए कामकाज ठप्प पार्ने चेतावनी

**टुडे समाचरदाता**

जनकपुरधाम । वन कर्मचारीहरुले योजनाबद्ध ढंगले मधेश प्रदेश सरकारको निमित्त प्रमुख सचिव जयकुमार घिमिरेको कार्यकक्षमै गएर लेखा अधिकृत र सचिवस्तरीय कर्मचारीहरुमाथि तथानाम आरोप लगाउँदै हुलहुज्जत गरी ज्यानमार्नेसम्मको धम्की दिएपछि लेखा समूहले विभिन्न माग राख्दै कामकाजसमेत ठप्प पार्ने चेतावनी दिएको छ ।

वनका कर्मचारीहरुले लेखाका कर्मचारीहरुमाथि अनाश्वयक लाञ्छना, धाकधम्की र अमर्यादित आक्रोशजन्य अभिव्यक्तिप्रति मधेश प्रदेशका लेखा समूहले आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै आपत्ति जनाउँदै चेतावनी दिएको छ ।

कर्मचारीको हाजिरी विषयमा प्रदर्शन गर्दै प्रशासन सेवा-लेखा समूहका कर्मचारीहरूमाथि लगाएका आरोप बुधबार वन सेवाका केही कर्मचारीहरुले प्रदेश वन निर्देशनालय मधेश प्रदेश लेखा समूहको अनावश्यक रुपमा अभद्र तरिकाले अपशब्द प्रयोग गर्दै अराजकता प्रदर्शन गरेकोप्रति लेखा समूह मधेश प्रदेशका अध्यक्ष जितेन्द्र प्रसाद यादवले आपत्ति जनाए ।

लेखा समूहले कार्यालयमा वनका कर्मचारीहरुले गरेको दुर्व्यवहार र अराजक प्रदर्शनको विरुद्धमा जनकपुरधाममा बिहीबार तीन बुँदे मागसहितको ज्ञापनपत्र मुख्यमन्त्री कृष्णप्रसाद यादव, अर्थमन्त्री महेशप्रसाद यादव, अर्थ सचिव रामकुमार महतोसहितकालाई बुझाएका छन् ।

वन मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत लेखा समूहका कर्मचारीहरूको कामकाजप्रति विगत लामो समयदेखि अनुचित प्रश्न उठाइ अनावश्यक दबाब सिर्जना गर्ने, तै/तिमी, अपहरण/उठाउने जस्ता अमर्यादित शब्द प्रयोग गर्ने गरेको देखिँदै र





सुनिदै आएकोमा सामाजिक सञ्जालबाट प्रसारण भएको श्रव्य-दृश्यले समेत पुष्टि गरेको लेखा समूहले जनाएको छ ।

लेखा समूहले एक विज्ञप्ति जारी गर्दै भनेको छ, ' प्रदेशमा देखा परेका विभिन्न राजनीतिक तथा प्रशासनिक परिवेशको आडमा लेखा समूहका कर्मचारीहरुमाथि आरोप थोपर्ने, लाञ्छना लगाउने र गलत धारणा सिर्जना गर्ने प्रवृत्ति बढ्दै गएकोतर्फ हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । लेखा समूहमा आवद्ध कर्मचारीले सधैं प्रचलित ऐन कानून अनुसार, पारदर्शीताका साथ, आर्थिक अनुशासन कायम राखी आफ्नो पदीय दायित्व निर्वाह गर्दै आएको सर्वविदितै छ । यद्यपि, केही कार्यालयका प्रमुखहरूले कर्मचारीलाई कानुन विपरीतका कार्य गर्न दबाब दिने र सो कार्यमा साथ नदिँदा लेखा समूहलाई नै बदनाम गर्न खोज्ने गतिविधि प्रति हामी गम्भीर छौँ ।' जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२० बमोजिम लेखा समूहका कर्मचारीहरूले आफूमा तोकिएको जिम्मेवारी निष्पक्षरूपमा सम्पन्न गर्दै आएका छौं । विगत केही समयदेखि जिम्मेवार कर्मचारीहरूले आफ्नो कमजोरी लुकाउँदै लेखा समूहलाई बदनाम गर्ने प्रवृत्ति मौलाउँदै गएको देखिन आएको छ ।'

प्रदेश वन निर्देशनालयमा जिम्मेवारी तोकिएका लेखा समूहका कर्मचारीले नियमित रुपमा आर्थिक प्रशासन सम्बन्धी कामकाज गर्दै आइरहेको र सोही अन्तर्गत उनीहरुले २०८२ साल साउन र भदौं महिनाको पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी गरे पनि पछि सम्बन्धित वन निर्देशकले नै तत्कालीन लेखा प्रमुखलाई कामकाजमा बन्देज लगाइ ३ महिनाको पारिश्रमिक भुक्तानी नगरेको भनी अनावश्यक अतिरञ्जित वातावरण सिर्जना गरी मन्त्रालयमा हो-हल्ला गराएर मिडिया ट्रायल गरेको कार्यप्रति लेखा समूह घोर भर्त्सना गरेको प्रस्ट्याएको छ ।

त्यस्तै वन निर्देशनालयमा असोज ७ गते सरुवा भएका लेखा कर्मचारीलाई प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ३९ को उपनियम २ (ख) बमोजिम रमाना दिनुपर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको रहेकोमा सो जिम्मेवारी पूरा नगर्ने कार्यालय प्रमूखलाई कारबाही गर्नुपर्ने थियो । तर कारबाही नगरी पूर्वाग्रही ढंगले सहायकस्तरका कर्मचारीलाई बिना रमाना हाजिर हुन जानको लागि धम्कयाउने, गाली गलौज गर्ने कार्यप्रति घोरभर्त्सना गरेको अध्यक्ष यादवले बताए ।

कर्मचारीलाई रमाना दिने न्यूनतम ज्ञान पनि नराखी कर्मचारी आचरण विपरीत जस्ता प्रदर्शन नगर्न नगराउन समेत सचेत गराउँदै वनका कर्मचारीहरुलाई उनले चेतावनी दिए ।

उनीहरुले तीन बुँदे माग समेत अघि सारेका छन् । लेखा समूहका कर्मचारीमाथि गरिएको आक्षेप, अभद्र व्यवहार र गलत प्रचारबारे छानबिन समिति गठन गरी तथ्यसहितको कारबाही प्रक्रिया अगाडि बढाइनुपर्ने, कुनै पनि कर्मचारीलाई कानून विपरीत कार्य गर्न दबाब दिने प्रवृत्ति अन्त्य गरिनुपर्ने र भविष्यमा कुनै पनि सेवाग्राही, कर्मचारी वा कार्यालय प्रमुखद्वारा लेखा समूहविरुद्ध आरोप, अपशब्द वा हतोत्साहित गर्ने व्यवहार दोहोरिन नदिन मन्त्रालयद्वारा शान्ति सुरक्षा प्रत्याभूतिसहितको आवश्यक निर्देशन जारी गर्न माग गरेका छन् ।

अध्यक्ष यादवले यदि यस्ताखाले घटनाहरु फेरि पनि दोहोरिएमा लेखा समूहले आफ्ना सम्पूर्ण कामकाज ठप्प पार्न बाध्य हुने र यसबाट उत्पन्न हुने प्रशासनिक जटिलता प्रति सम्बन्धित निकाय जवाफदेही हुनुपर्ने चेतावनी दिए ।

बुधबार कार्यालयमा लेखा अधिकृत र प्रदेश सचिवसहितका कर्मचारीहरुमाथि विभिन्न ढंगले आक्षेप लगाउँदै हुलहुज्जत गरी ज्यान मार्नेसम्मको धाकधम्की दिनेमा प्रदेश वन निर्देशनालयका वन निर्देशक जगन्नाथ प्रसाद जयसवाल, वन अधिकृत सुजीत कुमार झा, वन अधिकृत बेचन कुमार महतो, वन अधिकृत लालबाबु यादवलगायतले निमित्त प्रमुख सचिव घिमिरेलाई घेरेका थिए ।

यता मुख्यमन्त्री कृष्णप्रसाद यादवले यस घटनाबारे सत्यतथ्य बुझ्नका लागि छानबिन समिति गठन गरी कारबाही गरिने बताए ।

त्यस्तै अर्थमन्त्री महेशप्रसाद यादवले लेखाका कर्मचारीहरुमाथि गरिएको व्यवहारप्रति आफू गम्भीर रहेको र कर्मचारीले नै कर्मचारीविरुद्धमा लाग्नु गलत प्रवृत्ति रहेको टिप्पणी गरे ।

# एमाले ११ औँ महाधिवेशनको तयारी तीव्र




**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेको एघारौं महाधिवेशनको सन्दर्भमा नेता तथा कार्यकर्ताहरुको चहलपहल ह्वात्तै बढेको छ । नेता तथा कार्यकर्ताहरुका समूहले अहिले सहरबजारको विभिन्न ठाउँबाट चन्दा उठाउने अभियानलाई समेत तीव्रता दिइरहेको बेलामा एमालेले आफ्नो आन्तरिक गतिविधिलाई समेत बढाएको छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा एमालेको सचिवालयको बैठक बसेर महत्वपूर्ण निर्णय गर्ने जनाइएको छ ।

काठमाण्डुस्थित च्यासलमा शुक्रबार दिउँसो १ बजे सचिवालय बैठक बोलाइएको केन्द्रीय कार्यालय सचिव भिष्म अधिकारीले जानकारी दिए । उक्त बैठकमा महाधिवेशन प्रतिनिधि मनोनित, विधान संशोधन प्रस्ताव र महाधिवेशन सञ्चालनको मोडालिटीबारे छलफल गर्ने तयारी रहेको छ ।

त्यस्तै केन्द्रीय कमिटी, स्थायी समिति र पदाधिकारीको संख्या बढाउन विधान संशोधन प्रस्ताव लगिने स्रोतले जनाएको छ । तर वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षधरले भने विधान महाधिवेशनको निर्णय उल्ट्याउन नहुने अडान लिँदै आएका छन् ।

यसले सचिवालय बैठक पेचिलो बन्ने सम्भावना देखिएको छ । भने वरिष्ठ उपाध्यक्ष पोखरेलले राखेको दस्तावेजमाथि छलफल नगर्ने संस्थापनको तयारीले पनि सचिवालय बैठकमा नेताहरुको चासो बढेको छ ।

त्यस्तै एमालेको ११औं महाधिवेशनको यही मंसिर २७ गते भक्तपुरको सल्लाघारीमा उद्घाटन हुने कार्यक्रम रहेको छ ।

एमाले महाधिवेशनका लागि देशभरिबाट प्रतिनिधि चयन भइसकेको छ । एमालेले महाधिवेशनमा संसदमा भएका सबै पार्टी र संसदबाहिर भएका पार्टीलाई महाधिवेशनको निम्तो दिएको एमाले केन्द्रीय सदस्य महेश बर्तौलाले बताए । उनले भने, 'संसदमा भएका सबै राजनीतिक दलहरूलाई महाधिवेशनमा सहभागी हुनका लागि निम्तो दिइसकेका छौँ । संसदबाहिर भएका केही पार्टीलाई पनि निम्तो दिएका छौँ ।'

एमाले महाधिवेशनमा पहिला विदेशमा भएका भाइचारा पार्टीलाई पनि निम्तो दिने गरेको थियो ।

तर यस पटक भौतिक रूपमा नबोलाएर शुभकामनाका लागि २६ वटा पार्टीहरूलाई पत्र पठाएको बर्तौलाले बताए । उनले भने, 'भौतिक रूपमा विदेशमा भएका हाम्रो भाइचारा पार्टीहरू सहभागी हुनु हुन्न । शुभकामना सन्देश मात्र पठाउनुहुन्छ होला । हामीले नै भौतिक रूपमा बोलाएका छैनौं ।'

एमालेले यस पटक भाइचारा पार्टीलाई नबोलाउनुको कारण अवस्था अति संवेदनशील रहेको प्रचारप्रसार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । उनले भने, 'नेपालमा भएका राष्ट्रिय पार्टीलाई बोलाएका छौँ । विदेशबाट बोलाउँदा देशको अवस्था सामान्य छैन । अवस्था तरल छ । त्यही भएर नेपालमा भएका कूटनीतिक नियोगहरूलाई निम्ता दिएका छौँ ।'

> एमालेले यस पटक भाइचारा पार्टीलाई नबोलाउनुको कारण अवस्था अति संवेदनशील रहेको प्रचारप्रसार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । उनले भने, "नेपालमा भएका राष्ट्रिय पार्टीलाई बोलाएका छौँ । विदेशबाट बोलाउँदा देशको अवस्था सामान्य छैन । अवस्था तरल छ । त्यही भएर नेपालमा भएका कूटनीतिक नियोगहरूलाई निम्ता दिएका छौँ ।"

एमालेले महाधिवेशनमा नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल मजदुर किसान पार्टी, नेकपा (माले), राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टीलगायतलाई निम्तो दिएको छ ।

संसदबाहिर भएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेकपा माओवादी र कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललाई निम्तो दिएको बर्तौलाले बताए । कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटघाट गरी एमाले सचिव रघुवीर महासेठ र बर्तौलाले निमन्त्रणा दिएका छन् ।

त्यस्तै माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीले माओवादी केन्द्रसहितको एकता गरेपछि एमालेमै फर्किएका १८ जनासमेत महाधिवेशन प्रतिनिधि भएका छन् ।


तत्कालीन पार्टीका केन्द्रीय सदस्यसम्मलाई मात्र हाल प्रतिनिधि बनाइएको र थप केहीलाई मनोनितभित्र समेटिने संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले बताए ।

तत्कालीन एकीकृत समाजवादीकी संस्थापक सचिव रामकुमारी झाँक्री, प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ (किसान) सहितका नेता कात्तिक २४ मा एमालेमा फर्किएका थिए । फर्किनेमध्ये केन्द्रीय सदस्यहरुलाई प्रतिनिधि बनाउने निर्णय एमालेले गरेको थियो।

एमाले केन्द्रीय कार्यालयका सचिव अधिकारीले केही दिनदेखि पार्टी कार्यालयमा नेता तथा कार्यकर्ताहरुको व्यापक भिडभाड बढेको बताए ।

उनका अनुसार महाधिवेशनमा सहभागी हुने करिब ७५ प्रतिशतभन्दा बढी काठमाण्डु आइसकेका छन् । महाधिवेशनमा करिब दुई हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन् । एमाले महाधिवेशन यही मंसिर २७ देखि २९ गतेसम्म हुँदैछ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार महाधिवेशनको तयारीको अन्तिम चरणमा पुगेको छ । एमालेले महाधिवेशन सम्पन्न गर्नका लागि विभिन्न १३ समिति गठन गरिएको छ ।



## एसिया कप आजदेखि, नेपाली टोली युएइ पुग्यो

काठमाण्डु । एसिसी पुरुष यु-१९ एसिया कप आज शुक्रबारदेखि संयुक्त अरब इमिरेट्स (युएइ) मा हुँदैछ।

पहिलो दिन भारत र आयोजक युएई तथा पाकिस्तान र मलेसियाले खेल्ने छन्। उक्त प्रतियोगिताका लागि नेपाली टोली युएइ पुगिसकेको छ। नेपालले पहिलो खेल श्रीलङ्कासँग यही मङ्सिर २७ गते खेल्ने छ। नेपालले दोस्रो खेल मङ्सिर २९ गते बङ्गलादेशसँग र तेस्रो खेल पुस २ गते अफगानिस्तानसँग खेल्ने छ। नेपालले सबै खेल सेभेन्स रङ्गशालामा खेल्नेछ। प्रतियोगितामा आठ टोली सहभागी छन्। समूह ‘ए’ मा भारत, पाकिस्तान, युएई र मलेसिया तथा समूह ‘बी’ मा बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान र नेपाल रहेका छन्। दुवै समूहबाट शीर्ष दुईमा रहने टोलीले सेमिफाइनल खेल्ने छन्। उपाधि भिडन्त पुस ६ गते हुनेछ।

यस्तो छ नेपाली टोली : अशोक धामी कप्तान, नीरजकुमार यादव, दिलशाद अलि, अभिषेक तिवारी, सिब्रिन श्रेष्ठ, साहिल पटेल, दयानन्द मण्डल, निश्चल छेत्री, आसिश लोहार, नितेस पटेल, चन्दन राम, रोशन विक, विपिन शर्मा, वंश क्षेत्री र युवराज खत्री छन्।

## समावेशी समाजवादी पार्टीको साइबरनेटिक संघीयता घोषणा




काठमाण्डु । समावेशी समाजवादीपार्टीलेबिहीबारपत्रकार सम्मेलनमार्फत आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। ‘साइबरनेटिक लोकतान्त्रिक संघीयताः शक्ति सहजकर्ताको हातमा’ भन्ने नारा बोकेको घोषणापत्रले राज्य सञ्चालनको आधारभूत संरचना नै परिवर्तन गर्ने सङ्कल्प प्रस्तुत गरेको छ।

पार्टीका अनुसार अब राज्यको वास्तविक शक्ति सिंहदरबारमा होइन, स्थानीय तहका नागरिकका हातमा रहनुपर्नेछ। शक्ति र स्रोतलाई केन्द्रीय तहबाट स्थानीय सङ्घ-पालिकामा पूर्ण सम्प्रभुतासहित गहिरो विकेन्द्रीकरण गरिने उल्लेख छ। करुणा, धैर्यता र हेरचाहको अर्थशास्त्रमा आधारित नैतिक नेतृत्व र सेवामूलक राजनीतिक संस्कृतिको स्थापना नै पार्टीको राष्ट्रिय सङ्कल्प रहेको उल्लेख छ।

घोषणापत्रमा स्थानीय सङ्घलाई सहजकर्ता र संरक्षकको भूमिका दिने र केन्द्रीय राज्यलाई नीतिगत अभिभावकको रूपमा सीमित राख्ने नीति समावेश गरिएको छ। राष्ट्रिय स्रोतको ६५ प्रतिशतभन्दा बढी भागमा पालिका परिषद्को पूर्ण सहभागिता र नियन्त्रणसहित वित्तीय स्वायत्तता सुनिश्चित गरिने प्रावधान पनि उल्लेख छ।

नागरिकले कुनै पनि नीतिगत निर्णयमा आफैँ भोट हाल्ने वा आफ्नो भोटको अधिकार तत्काल कुनै विशेषज्ञलाई हस्तान्तरण गर्ने ‘लिक्युड भोटिङ प्लेटफर्म’ मार्फत पूर्ण सहभागिता र पारदर्शिता कायम गरिने पार्टीको प्रतिबद्धता घोषणापत्रमा छ।

सीमान्तकृत समुदायले भोगिरहेको दोहोरो-तेहरो विभेद (जस्तै–दलित, महिला, मधेसी, अपाङ्गता भएका व्यक्ति) सम्बोधन गर्न दल र राज्यका सबै संरचनामा अन्तरसम्बन्धित कोटा प्रणाली लागू गरिने घोषणा गरिएको छ। व्यक्तिगत तानाशाही र शक्तिको केन्द्रीकरण रोक्न पदहरूमा चक्रीय प्रणाली लागू गरिने र नेतृत्व शक्तिधारी होइन, सहजकर्ता र संरक्षकका रूपमा रहने स्पष्ट अङ्गीकार गरिएको छ।

पार्टीले वातावरणलाई न्यायको अविभाज्य तत्त्वका रूपमा लिने, चक्रीय अर्थतन्त्रमा जोड दिने र स्थानीय नियन्त्रणलाई सुदृढ गर्ने आफ्नो प्रतिबद्धता जनाएको छ। “शक्ति जनतामा निहित हुन्छ, नेतामा होइन।

प्रविधिले मानवलाई दास होइन, सक्षम बनाउँछ। विकासको मापदण्ड पैसा होइन, करुणा र हेरचाह हो। वातावरण र समाजबीचको सम्बन्ध न्यायमा आधारित हुन्छ,” पार्टीले गरेको सङ्कल्प अध्यक्ष नुमा लिम्बु (चञ्चला) ले घोषणामा प्रस्ट्याइन्।

अध्यक्ष लिम्बुले महिला-पुरुष नेतृत्व धेरै पटक देखिसकेको जनतालाई अब नयाँ नेतृत्वको काम हेर्न आग्रह गरिन्। महासचिव मनिन्द्रसिंह दनुवारका अनुसार यो पार्टी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका नागरिक र मनोरञ्जन व्यवसायमा संलग्न महिलाहरूबाट नेतृत्वको नयाँ राजनीतिक यात्रामा इतिहास रच्दै अघि बढेको छ। रासस

## युवालाई राजनीतिक रूपमा सङ्गठित गर्न नसक्नुनै राजनीतिक दलको गल्ती रहेको बिजुक्छेको भनाइ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले युवा पुस्तालाई बुझ्न र बुझाउन नसक्दा जेनजी आन्दोलनको नाउमा मुलुकले ठुलो क्षति व्योहोर्नु परेको बताएका छन्।



भक्तपुर नगरपालिकाले विहीबारदेखि आयोजना गरेको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियागिताको उद्घाटन गर्दै नेता बिजुक्छेले जेनजीका नाममा भएको घटनाले देशको प्रशासनिक केन्द्र सिंहदरबार, संसद् भवन र धेरै मन्त्रालयहरु तथा देशभरका सरकारी कार्यालय जलाउनु सही नभएको उल्लेख गरेका थिए।

खेलकुदले मित्रता, शिक्षा र संस्कृतिको विकाससँगै शारीरिक एवं मानसिक स्वास्थ्य सुधार गर्नुका साथै अनुशासित नागरिक तयार गर्न, सामाजिक सम्बन्ध मजबुत बनाउने बताए। कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति सुनील प्रजापतिले विहीबारदेखि पुस १ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगितामा टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो-खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्दो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल गरी १५ वटा खेलमा प्रतियोगीबीच प्रतिस्पर्धा हुने जानकारी दिएका छन्।

उनले प्रतियोगितामा ८० भन्दाबढी विद्यालयको सहभागिता रहने बताउँदै उनले भलिबलमा २८८ जना, एथ्लेटिक्समा ४०८ जना, टेबलटेनिसमा १३८ जना, पोर्टबलमा १५३ जना, उसुमा १३९ जना, कबड्डीमा १६० जना, तेक्वान्दोमा ३५० जना, कसिमला पायूमा २४३ जना, बुद्धिचालमा १७३ जना, बाघचालमा २४७ जना, फुटबलमा २८८ जना, जिम्नाष्टिकमा १०० जना, ब्याडमिन्टनमा १२० जना, कराँतेमा १६० जना र खोखोमा ३२४ जना गरी जम्मा ३ हजार २ ९१ जना खेलाडीहरुले प्रतिस्पर्धा गर्ने जानकारी दिए।

यसअघि विहीबारै दत्तात्रयबाट सुरु भएको समुद्घाटन -याली नगरको विभिन्न ठाउँको परिक्रमा गर्दै सहिद स्मृति खेल मैदानमा पुगेर प्रतियोगिताको उद्घाटन गरिएको थियो।

## ‘संविधानलाई ‘ट्र्याक’ मा ल्याउन निर्वाचन अपरिहार्य’

काठमाण्डु । बाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका नेता राजेन्द्र पाण्डेले संविधानलाई ‘ट्र्याक’मा ल्याउन निर्वाचन अपरिहार्य रहेको बताउनुभएको छ।

नेपाली कम्युनिष्ट पार्टी गोरखाले विहीबार सदरमुकाममा आयोजना गरेको जिल्लास्तरीय एकता सन्देशसभालाई सम्बोधन गर्दै उहाँले तोकिएको मितिमा निर्वाचन हुनुपर्नेमा जोड दिनुभयो। “संविधान अहिले लिकबाट बाहिर पुगेको अवस्था छ, तर चुनाव सम्पन्न भएपछि संविधान पूर्णरुपमा लिकमा फर्किने छ,” उहाँले भन्नुभयो, “संसद् पुनःस्थापनाले देशलाई फेरि अर्को द्वन्द्वमा धकेल्ने सम्भावना रहेकाले निर्वाचनमार्फत नै संविधानलाई सही ट्र्याकमा हिँडाउन आवश्यक छ।”

उहाँले अहिलेको जटिल राजनीतिक परिस्थितिमा बृहत कम्युनिष्ट एकता अपरिहार्य भएको बताउनुभयो। पार्टी एकताका क्रममा आएका विभिन्न आरोपप्रति प्रतिक्रिया जनाउँदै एमाले फुटाएर माओवादीसँग एकता गर्न खोजिएको वा माओवादीले विचार छाडेको जस्ता टिकाटिप्पणीहरु निराधार रहेको बताउँदै उहाँले पार्टी एकताको मूल आधार मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा आधारित नेपाली मौलिकताको समाजवाद भएको उल्लेख गर्नुभयो।रासस

## नेपाली युवा श्यामसुन्दर श्रेष्ठलाई ‘ब्राइट स्पार्क अवार्ड’




काठमाण्डु । अस्ट्रेलियाको एडिलेड विश्वविद्यालयले एआई विधाको प्रयोग गरी खानी तथा उद्योग क्षेत्रको काममा सहयोग पुर्याउने सञ्चार उपकरण सेट तयार गरेवापत नेपाली विद्यार्थीलाई ‘ब्राइट स्पार्क अवार्ड’बाट पुरस्कृत गरेको छ।

सो विश्वविद्यालयले आफ्नो रजत जयन्तीका अवसरमा विशेष कार्यक्रम आयोजना गरी स्नातक तहमा अध्ययनरत काठमाडौँका २२ वर्षीय श्यामसुन्दर श्रेष्ठलाई प्रतिष्ठित रूपमा लिइने सो पुरस्कारबाट सम्मान गरेको हो।

नेपाली विद्यार्थी श्रेष्ठसहित उनको टोलीले खानी तथा भारी उद्योगका लागि ‘एआई मोड्युल’ विकास गरेकामा उच्च मूल्याङ्कनसहित पुरस्कृत गरेको विश्वविद्यालयले स्पष्ट गरेको छ। उनीहरूले आविष्कार गरेको उपकरणले एनालग रेडियो नेटवर्कमा जोडिएपछि सुरुङ (खानी क्षेत्र)मा रहने कामदार र एआई एजेन्टबीच वाकी-टकीमार्फत कुराकानी गर्न सकिने बताइएको छ। सो विश्वविद्यालयका अनुसार यस प्रविधिले महङ्गो नयाँ पूर्वाधारको आवश्यकता बिना नै कामदारलाई प्राविधिक डेटा, सुरक्षा प्रोटोकल तथा अन्य महत्वपूर्ण जानकारी छिटो एवम् सहजरूपमा उपलब्ध गराउनसक्ने भएको छ।

करिव ३०० प्रतिष्ठित उद्योगी व्यावसायीसमेतको विशेष उपस्थितिमा आयोजित पुरस्कार छनोट प्रतियोगिता (फाइनल पिच) का अवसरमा नेपाली विद्यार्थी श्रेष्ठले पूर्ण खानी सुरक्षा पोशाक (माइनिङ सेफ्टी गियर) लगाएर प्रविधिको प्रत्यक्ष प्रदर्शन गरेको जानकारी दिनुभयो। उहाँले नवपवर्द्धनमा विशेष भूमिका निर्वाह गरेवापत पाइने सो पुरस्कारबाट सम्मानित भएपछि राससलाई सङ्छिप्त प्रतिक्रिया दिँदै अस्ट्रेलियामा आएर मेहनतका साथ अध्ययन गरी नेपाल र नेपालीको इज्जत प्रतिष्ठा बढाउन सफल भएको बताउनुभयो। रासस

## ‘१३औँ नेपाल मानवअधिकार अन्तरराष्ट्रिय चलचित्र महोत्सव’ सुरु




काठमाण्डु । विश्वभरकामानवअधिकारकेन्द्रित चलचित्रलाई एउटै छानामुनी ल्याउने उद्देश्यकासाथ ‘१३औँ नेपाल मानवअधिकार अन्तरराष्ट्रिय चलचित्र महोत्सव’ विहीबारदेखि काठमाडौँमा सुरू भएकोछ। ‘बाल अधिकार’ भन्ने नाराका साथ यही मङ्सिर २९ गतेसम्म पाँच दिन चलचित्र विकास बोर्डको सभाहल र पर्यटन बोर्डको सभाहलमा महोत्सव सञ्चालन भएको महोत्सव निर्देशक पाण्डव खत्रीले जानकारी दिनुभयो।

“हामीले २६ देशका ५० चलचित्रहरू प्रदर्शन गर्दैछौँ, महोत्सवमा छानिएका धेरैजसो चलचित्रले कान्स, बर्लिनाले, भेनिस र बुसानजस्ता प्रतिष्ठित अन्तरराष्ट्रिय महोत्सव सहभागिता जनाइसकेका छन्”, उहाँले भन्नुभयो। उहाँले महोत्सवमा देखाइने चलचित्रले मानवअधिकारका विषयलाई सहज र सरल रूपमा दर्शकसम्म पुऱ्याउने बताउनुभयो।

‘कान्स फिल्म फेस्टिभल २०२५’ अन्तर्गत ‘पाल्मे डी ओर’ (लघु चलचित्र) विजेता ‘आई एम ग्ल्याड यु आर डेड नाउ’, सोही महोत्सवमा पहिलोपटक प्रदर्शनी गरिएको ‘नाभी लीली’, बजिका भाषामा बनेको पहिलो ‘फिचर’ चलचित्र ‘आजुर’लगायत महोत्सवको आकर्षण रहेको महोत्सव निर्देशक खत्रीले जानकारी दिनुभयो।

महोत्सवमा निर्देशक, निर्माता, कलाकार तथा मानवअधिकारकर्मीको उपस्थितिमा अन्तरक्रियात्मक समूहगत छलफल, फोटो प्रदर्शनी, ‘लाइभ पेन्टिङ’लगायत विभिन्न कार्यक्रम हुने आयोजकले जनाएको छ।रासस

## नयाँबसपार्कमा जथाभावी यात्रुलाई दुःख दिने ४६ जना पक्राउ



काठमाण्डु । नेपाल प्रहरीले काठमाडौँको नयाँ बसपार्कमा जथाभावी रुपमा यात्रुको झोला तानेर यात्रुलाई दुःख हैरानी दिने ४६ जनालाई पक्राउ गरेको छ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी र प्रहरी प्रभाग नयाँ बसपार्कको टोलीले पछिल्लो समय गौँगबुस्थित नयाँ बसपार्कमा यात्रुको झोला तानेर यात्रुलाई दुःख हैरानी दिने तथा शङ्कास्पद गतिविधि गर्ने ४६ जना व्यक्तिलाई बुधबार साँझ पक्राउ गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले देशका विभिन्न भागबाट राजधानी काठमाडौँ आएका यात्रुलाई जबर्जस्ती झोला तानेर दुःख हैरानी दिने ट्याक्सी चालक, होटल सञ्चालक र होटलमा कार्यरत कर्मचारीलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

प्रहरीले विहीबार मात्र ४६ जनालाई नियन्त्रणमा लिएको छ। “सुरुको समयमा सम्झाइबुझाई गरेर छाडेका छौँ, उक्त घटना दोहोरिएको खण्डमा कडा कारबाही प्रक्रिया अगाडि बढाउँछौँ”, उहाँले भन्नुभयो। प्रहरीले उक्त अभियानलाई निरन्तरता दिने बताउनुभयो।रासस

### माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०६/११ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : अदिती कुमारी झा**
**सिम्बोल नं.: ९२५३९२३७**
**रजिष्ट्रेशन नं.: ८०३२५०९७०००६**
**ठेगानाः हनुमाननगर न.पा.–७, सप्तरी**
**मो.नं. ९८१६२१८८९८**

## हिक भिजन ‘ब्राण्ड’को ‘बार्षिक वितरक भेला २०२५’

काठमाण्डु । विश्व प्रसिद्ध हिक भिजन ‘ब्राण्ड’को ‘बार्षिक वितरक भेला २०२५’ चितवनको सौराहामा आयोजना हुने भएको छ। नेपालको आधिकारी राष्ट्रिय वितरक म्याक्सिमा मल्टिनेशनल ट्रेडिङ प्रालीले यही मङ्सिर २७ गते संयोजन गर्ने भेलालाई हिक भिजन चीनका नेपाल देशीय व्यवस्थापक लियोन झिले विशेष सम्बोधन गर्नुहुने छ।

सम्मेलनमा देशभरका हिक भिजन ‘ब्राण्ड’को नेपालको आधिकारी वितरकहरु सहभागी हुने कम्पनीका प्रबन्ध निर्देशक प्रमोदकुमार अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार वितरक भेलामा सूचना प्रबिधिका उद्यमी, वितरक साझेदारले नवीनतम् विषय र हिक भिजनका उत्पादनसँग सम्बन्धीत ‘फ्रेन्ड्लि सफ्टवेयर’का बारेमा जानकारी लिन सक्ने छन्।

भेलामा आगामी सन् २०२६ को योजना, सन् २०२५ को समीक्षा र सन् २०२४ को डिलर पार्टनको तर्फबाट उत्कृष्ट दश डिलरलाई सम्मान तथा अन्य डिलरलाई सम्मान गरिने उहाँले बताउनुभयो। म्याक्सिमा मल्टिनेशनल ट्रेडिङ प्रालीका सञ्चालक समितिका अध्यक्ष एवम् कार्यकारी निर्देशक मणिकुमार तामाङले हिक भिजन ‘ब्राण्ड’ उपकरण विश्वासिला, गुणस्तरीय र भरपर्दो रहेका बताउनुभयो। उहाँले भन्नुभयो, “हिक भिजन ‘ब्राण्ड’ उत्पादनको बार्षिक वितरक भेलाले आगामी दिनमा यसको प्रवर्द्धन गर्न सहयोग मिल्नेछ।”

हाल हिक भिजन चीनबाट उत्पादित सिसिटिभी सर्भिलेन्स सम्बन्धी सम्बन्धी सिरिज घरयासी प्रयोजनदेखि पसल अफिस, विद्यालय, सभाहल टोल सार्वजनिक स्थल लगायत आदिमा प्रयोग गर्न मिल्ने क्षमताको सिसिटिभी, हाजिरी उपस्थिति उपकरण, स्मार्ट इन्टरआक्टिभ बोर्ड, लक सिस्टक, गेट ब्यारिअर, अलार्म सिष्टम, फायर स्मोक लगायतका डिटेक्टर सिष्टम, अण्डर भेहिकल सर्भिलियन्स सिष्टम एक्सर मेसिन लगायत उपकरण छन्।

कार्यकारी निर्देशक तामाङलले भन्नुभयो “हिक भिजन चीनबाट उत्पादित उपकरण ,सरसमान नेपालको विभिन्न स्थानबाट अधिकारी बिक्रेता मार्फत ‘स्टलेशन’ को सुबिधा सहित प्राप्त गर्न सकिने छ।”रासस

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | छोटो समयमा राम्रो उपलब्धि हातलागी हुनेछ। |
| वृष : | रोकिएका काम बन्नाले थप काम गर्ने समय छ। |
| मिथुन : | मनग्य आम्दानी गर्न सकिनेछ। |
| कर्कट : | भनेजस्तो नतिजा आउने हुनाले मन खुशी रहनेछ। |
| सिंह : | कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। |
| कन्या : | मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। |
| तुला : | लगानी गर्ने वातावरण बन्नेछ। |
| वृश्चिक : | अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। |
| धनु : | सुझबुझका साथ काम लिएमा उपलब्धि प्राप्त हुनेछ। |
| मकर : | तपाई आफ्नै कारणले मान सम्मान तथा प्रतिष्ठमा समस्या आउनेछ। |
| कुम्भः | आज थालिएका जुनसुकै कामबाट भने जस्तै आम्दानी हुनेछ। |
| मीन : | गन्तव्य पहिल्याउन सहज हुनेछ। आर्थिक कारोबार् न सक्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित ठिनीगाउँको सिरानमा अवस्थित क्षमाताल तथा पृष्ठभूमिमा निलगिरि र तिलिचो हिमाल। समुद्री सतहदेखी करिब ३ हजार ४५० मिटर उचाइमा यो ताल अवस्थित रहेको छ। तस्बिर :रासस

# भ्रष्टाचारविरुद्धको कारबाहीलाई सरकारले प्राथमिकताकासाथ अगाडि बढाएको छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचारविरुद्धको कारबाहीलाईसरकारलेप्राथमिकताकासाथ अगाडि बढाएको बताउनुभएको छ ।

जय मातृभूमि पार्टीको विहीबार ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री कार्कीले उक्त दललाई आफ्ना एजेन्डा लिएर चुनावमा जान सुझाव दिनुभयो । राजनीति गर्नेहरुले केबल भाषण गरेर विचार मात्रै पोख्ने गरेकाले अब मुलुकमा उत्पादनलाई केन्द्रमा राखेर काम गर्ने पार्टीको आवश्यकता रहेको उहाँको भनाइ थियो ।

“खाली विचार मात्र पोख्ने दल धेरै भए । काम र रोजगारीमा केन्द्रित रहेर काम गर्ने भएनन् । यही कारण



मुलुकको आर्थिक अवस्था कमजोर भयो । रोजगारीका अवसर मुलुकमा भएनन् । विदेश पलायन हुनुपर्ने बाध्यता बन्यो”, प्रधानमन्त्री कार्कीले भन्नुभयो, “यसको परिणाम स्वरुप युवामा वितृष्णा बढ्यो । आन्दोलन भयो । अब यस्तो आन्दोलन गर्न नपर्ने गरी काम गरौं ।”

प्रधानमन्त्री कार्कीले राम्रो काम गर्ने र देशको आर्थिक समृद्धि तथा सुशासनका निम्ति प्रतिबद्ध व्यक्तिलाई जिताएर संसद्मा पठाउन आग्रह गर्नुभयो । एक/एक जनाको राम्रो प्रयासले नै मुलुक सुशासनयुक्त र समृद्ध हुने उहाँको भनाइ थियो ।

प्रतिनिधिमण्डलमा जय मातृभूमि पार्टीका वरिष्ठ नेता क्याप्टेन केबी लिम्बू, सहअध्यक्ष रामशरण पाण्डे, महासचिव गोविन्द गिरीलगायत रहनुभएको थियो । पार्टीले निर्वाचनको वातावरण बनाउन जेनजी आन्दोलनका दमनकारी र भ्रष्टाचारीमाथि शीघ्र कारबाही हुनुपर्ने माग राखेको छ । रासस

# नेपाल र भियतनामबीच आर्थिक सहकार्य बढाउन द्विपक्षीय छलफल

हनोइ । थाइल्याण्ड र भियतनामका लागि नेपाली राजदूत धनबहादुर ओलीले भियतनामी लगानीकर्तालाई नेपालमा लगानीको सम्भावना रहेको उल्लेख गर्दै नेपालमा लगानी बढाउनका लागि आग्रह गर्नुभएको छ ।

विहीबार भियतनामको राजधानी हनोइमा नेपाल उद्योग वाणिज्य महासंघ र भियतनामी चेम्बर अफ कमर्श इन्डष्ट्रीसँगको छलफलका क्रममा उहाँले नेपाल र भियतनामबीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्ष पुगेको उल्लेख गर्दै दुवै देशले व्यापार र लगानी क्षेत्रमा सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

“पछिल्लो समय विश्वको अर्थतन्त्रमा नयाँ चुनौती देखिएको छ, यस्तो अवस्थामा दुवै देशले एकापसमा आर्थिक सहकार्य बढाउँदै लाभ लिनेतर्फ ध्यान दिनु जरुरी छ”, उहाँले भन्नुभयो, “नेपालमा निर्यातजन्य उद्योगमा लगानीका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु ।” उहाँले दुवै देशबीच पर्यटनको क्षेत्रमा सम्भावना रहेको समेत उल्लेख गर्नुभयो । नेपाल र भियतनाम सरकारबीचको आर्थिक सहकार्यमार्फत क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा व्यापार गर्न सकिने पनि उहाँको भनाइ थियो । उहाँले नेपालमा उत्पादनमुलक उद्योग, आइसिटी, फार्मास्युटिकल्स तथा जडीबुटीलगायतका क्षेत्रमा लगानीको सम्भावना रहेको बताउनुभयो । नेपाल सरकार भियतनामी लगानीकर्ताका लागि स्वागत गर्न तयार रहेको उल्लेख गर्दै उहाँले दुवै देशबीचको व्यापार तथा लगानीका लागि नेपाल सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भियतनामका लगानीकर्तासमक्ष नेपाल र भियतनामबीच थप आर्थिक सहकार्यलाई अगाडि बढाउनका लागि आग्रह गर्नुभयो । दुई देशबीच कूटनीतिक सम्बन्ध ५० वर्ष पुगेको उल्लेख गर्दै उहाँले अब दुई देशबीचको आर्थिक सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । “दुई देशबीच आर्थिक सहकार्यका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु, नेपालमा लगानीको ठूलो सम्भावना छ, यस अवसरलाई सदुपयोग गर्नका लागि हाम्रो प्रयास रहनेछ”, उहाँले भन्नुभयो । नेपालमा हस्तकला, चिया, कफी, जडीबुटी जस्ता उत्पादनको भियतनाममा राम्रो बजार सम्भावना रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले त्यसतर्फ पनि लगानी बढाउन सकिने उल्लेख गर्नुभयो । उहाँले दुई देशको अर्थतन्त्र एकापसमा पूरक बन्न सक्ने सम्भावना रहेको पनि बताउनुभयो ।

नेपालमा भियतनामको कृषि उत्पादन, सी फूड, इलेक्ट्रोनिक्सलगायतका उत्पादनको ठूलो बजार रहेको उहाँको भनाइ थियो । “नेपालमा प्रत्यक्ष विदेशी लगानीको वातावरण बन्दै गएको छ, कानून पनि लगानीमैत्री छन्, लाइसेन्स, भन्सार र कर प्रशासनलगायतका क्षेत्रमा सुधार भएको छ, सरकार पनि विदेशी लगानीको सुरक्षामा पनि सरकार सचेत छ”, उहाँले भन्नुभयो । रासस




# विभेद्विरुद्ध जाग्दै मधेशका महिला

महोत्तरी । सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा विभेद्मा परेका मधेशको महोत्तरीका महिला अब सङ्गठित हुँदै सामूहिक आवाजले यी क्षेत्रमा उपस्थिति जनाउँदैछन् । लैङ्गिक विभेद्विरुद्ध सङ्गठन र सामूहिक आवाजले नै उभिन सिकाएको आन्दोलनमा जोडिएका महिलाको अनुभव छ । महोत्तरीमा महिला सशक्तीकरण अभियानमा रहेका महिलाले विभेद्मा परेकाहरुबीचको आपसी सङ्गठन र सामूहिक आवाजले आन्दोलन सवल बन्दै गएको बताएका छन् ।“मेरो मात्र कुरा होइन, हामी दबिएका जोसुकै महिलाका लागि सङ्गठन र सामूहिक आवाज नै शक्ति रहेछ” जीवनमा खाएका हण्डर र त्यसबाट निस्कन गरिएका प्रयत्न सम्झदै महोत्तरीको रामगोपालपुर-९ गोठबनौलीकी बनिहारा (श्रमिक महिला) ४० वर्षीया फुलोदेवी शर्मा भन्नुहुन्छ, “समाजमा भोगिएको अपहेलना र पाइलापाइलामा भोगिएको विभेद् सशक्त रुपले उठाउन सङ्गठनले नै सिकायो ।” विभेदविरुद्ध सङ्गठित हुँदै आफ्ना कुरा ठाउँमा पुर्‍याउन थालेपछि समाजले पनि उभिने ठाउँ दिने गरेको शर्माको अनुभव छ ।




विगतमा गरिबी, अभाव र महिला भएकै कारण परिवार र समाजबाट जीवनमा भोगिएका दुःखका भारी छन् फुलोसँग । पति काम गर्न बाहिर जान नदिने र घरमा खाने अन्न नभएका ती दुःखका दिन सम्झदै कहाली लागेर आउने उहाँ सम्झनुहुन्छ । पूरा नाउँ फुलोदेवी शर्मा भए पनि साथीसँगी र आफूभन्दा ठूलाले उहाँलाई ‘फुलो’ भनेर बोलाउने गरेका छन् । “नाउँ भन्दा सुन्दा त ‘फुलो’ (सुकोमलको भावमा) छ नि ! तर जीवनमा भोगिएका हण्डर सम्झदा मान्छे थिएँ कि थिइन झैं हुन्छ”, उहाँ भन्नुहुन्छ । तीन छोरा र एक छोरीसहित चार सन्तान र आफ्नो गुजाराका लागि मजदुरी गर्न पनि सुविस्ता साथ नपाएको उहाँको विगत छ । स-साना लालाबालालाई बोक्दै, डोर्‍याउँदै इँटाभट्टामा काम गर्न जाँदा जीवन सम्झेर दिक्क लाग्ने गरेको उहाँ विगत सम्झनुहुन्छ । “सानो छोरालाई पिठ्युँमा बोक्थेँ, दुई छोरा र एक छोरी पछि लाग्थे, घरमा खाने अन्न केही नहुँदा मैले दुई पैसाका लागि इँटा भट्टाको काम थालेकी थिएँ” उहाँ विगत सम्झदै भन्नुहुन्छ, “तर पति र घरका परिवारले ढुक्कसँग मजदुरी गर्न पनि दिँदैनथ्ये ।” यसरी काम गर्न निस्कदा कैयन पटक पतिको कुटाइ र परिवारजनको गाली खाएको उहाँ सम्झनुहुन्छ ।

काममा जान घर मात्र असहयोगी नभइ सामाजिक परिवेश नै महिलाका लागि पाइलैपिच्छे काँडैकाँडाले भरिएको हुने उहाँको अनुभव छ । “इँटाभट्टामा काम गर्दा थाहा पाएँ, कामबापतको पारिश्रमिकमा पनि हेला गरिँदोरहेछ”, उहाँले विगत सम्झदै भन्नुभयो, “उही काम गरी सक्दा पुरुषले पाउने बनी (मजदुरीबापतको पारिश्रमिक) र हामी महिलाले पाउने त धेरै फरक रहेछ ।” यसको विरोध गर्दा कामबाटै निकालिने मालिकको धम्कीले आफूसहितका महिला बाध्य भएर काममा जोतिनुपर्ने विगतको सम्झनाले फुलोको मन अहिले पनि भरङ्ग हुन्छ । “पुरुषले त्यही काम गर्दा ५०० देखि एक हजारसम्म बनी लिन्थे, महिलाले भने त्यसको आँधीमै चित्त बुझाउन पर्थ्यो”उहाँ विगत सम्झदै भन्नुहुन्छ । यिनै दुःखका दिनमै आफ्नो बस्तीमा महिला सचेतनाका कार्यक्रम सञ्चालन हुन थालेपछि आँखा खुलेको उहाँको सम्झनामा छ । “बस्तीबस्तीमा महिलामाथि हुने थिचोमिचोका घटना समाचार बन्न थाले, विभिन्न सामाजिक संस्थाका कार्यकर्ताले बस्तीका महिलालाई सरकारले महिलाका लागि बनाएका विशेष कानुनबारे जानकारी दिँदै सङ्गठित हुन र सामाजिक विभेद्काविरुद्ध ठाउँठाउँमा सामूहिक आवाज उठाउन उत्प्रेरित गरे” उहाँ भन्नुहुन्छ, “हाम्रो बस्तीमा पहिले रतौली युवा क्लबले ‘स्थानीय अधिकार कार्यक्रम’बाट महिलालाई समूह बनाएर सङ्गठित हुन सिकायो, यो अभियानले महिलाहरुमा हौसला जगायो, हामीले सरकारी अड्डा र स्थानीय तहसहितका ठाउँठाउँमा महिलाप्रति हुने विभेद्विरुद्ध समूहकै तर्फबाट ज्ञापनपत्र दिन थाल्यौं ।” यस क्रममा ती ठाउँबाट पाइने वास्ता र चासोले आफूविरुद्धका विभेदसँग सामूहिक रुपमा प्रतिवाद गर्ने र सङ्गठित हुन सिकाएको उहाँको अनुभव छ । पछिपछि परिवार पनि सकारात्मक हुँदै गएपछि काममा सहज हुँदै गएको उहाँ बताउनुहुन्छ ।

अहिले रामगोपालपुर नगर क्षेत्रमै बनिहारा (श्रमिक) महिलाका मात्रै आठ वटा समूह क्रियाशील छन् । अहिले १९७ जना महिला सङ्गठित भएका यी समूहले बस्तीबस्तीका महिलालाई महिलाका लागि राज्यप्रदत्त विशेष सुविधाका व्यवस्थाबारे जानकारी दिँदै यिनको उपयोगका लागि सङ्गठित हुन प्रेरित गर्ने गरेको उहाँ बताउनुहुन्छ ।

यी समूहमा महिला अधिकारका विषयमा छलफल गरिने र राज्यका विभिन्न निकायमा ती व्यवस्थाको कार्यान्वयनका लागि दबाब बढाइने गरेको समूहका महिला बताउँछन् । “हामी आफ्नै बस्तीका महिला मिलेर समूह बनाएर हरेक समस्यामा छलफल गर्ने गरेका छौं” रामगोपालपुर-१ लक्ष्मीपुरकी ४५ वर्षीया राधादेवी मण्डल भन्नुहुन्छ, “महिलाका लागि राज्यले गरेका विशेष सुविधा एवं संविधान र कानुनमा महिलाका लागि भएको व्यवस्था कार्यान्वयनकै लागि पनि आवाज नै उठाउन पर्दोरहेछ, हामीले धेरैपछि यो कुरा बुझ्यौं ।”

रामगोपालपुरका महिलाजस्तै जिल्लाका अन्य भेगका महिलाले पनि विभेद्विरुद्ध उभिन सङ्गठन नै मुख्य हुने अनुभव सँगालेका छन् । “हामी महिला एकजुट भएर कार्यालयमा पुगेपछि केही सुनवाइ हुने गरेको छ” भङ्गाहा-४ रामनगरकी सामाजिक अगुवा ५५ वर्षीया दीपमायाँ श्रेष्ठ भन्नुहुन्छ, “यसका लागि समूह (सङ्गठन) मुख्य ताकत रहेछ ।” अचेल सामाजिक र राजनीतिक अवसरका लागि बल्ल महिलाको खोजी हुन थालेको श्रेष्ठ बताउनुहुन्छ । जिल्लाका विभिन्न स्थानीयतहका बस्तीमा किशोरीहरुले छुट्टै समूह बनाएर आफूहरुका चासोबारे विभिन्न निकायको ध्यानाकर्षण गराउने क्रम पनि अब बाक्लिएको छ । “हामीले किशोरी अवस्थाको स्वास्थ्य सचेतना, शिक्षाको अवसर, बालविवाहविरुद्ध सचेतना र आर्जनका अवसरका लागि स्थानीयतहलाई घचघच्याइ रहेका हुन्छौं” रामगोपालपुर-९ कै दलित बस्तीकी १६ वर्षीया किशोरी बिना चमार भन्नुहुन्छ, “सङ्गठित भएर सामूहिक रुपमा अघि बढ्दा हाम्रा कुराले वास्ता पाएका छन् ।” आफ्नो नगर क्षेत्रमा किशोरी सरोकारकै क्षेत्रमा सचेतना बढाउने अभियानमा सङ्गठित रुपले लागेका यस उमेर समूह (१३ वर्षदेखि १९ वर्ष सम्मका) २०० बढी अभियानी रहेका रामगोपालपुर-१ की १७ वर्षीया सङ्गीता मण्डल बताउनुहुन्छ ।

“विभेदविरुद्ध होस् कि अधिकार प्राप्तिका लागि होस्, सङ्गठन अपरिहार्य रहेछ” मण्डल भन्नुहुन्छ, “हाम्रा किशोरी समूहले उठाएका विषयले राज्यका निकायमा महत्व पाउन थालेपछि सङ्गठित हुने क्रम बढेको छ ।” पाँच/छ वर्षअघिसम्म बालविवाह यहाँको आम कुरा रहेको बताउँदै मण्डलले भन्नुभयो, “अब भने कानुनको डर सचेतना अभियानले बढाउँदा बालविवाहका घटना निकै पातलिएका छन् ।”जिल्लाका ग्रामीण बस्तीमा अझै आम महिला आफ्ना समस्या भन्नसक्ने अवस्थामा छैनन् । यिनलाई पनि विभिन्न सामाजिक संस्था र समूहमा आबद्ध गराउँदै अधिकार प्राप्तिका लागि आवाज उठाउन उत्प्रेरित गर्न आवश्यक रहेको राजनीतिक क्षेत्रका सक्रिया महिला बताउँछन् । “मुख्य कुरा महिलालाई सङ्गठित हुन प्रेरित गर्नुपर्छ, यसले अधिकार र कर्तव्यबारे जिज्ञासु बनाउने र त्यसको प्राप्तिका लागि आवाज उठाउन सक्ने बनाउँछ” बर्दिबास-३ की बासिन्दा नेकपा (एमाले) को मधेश प्रदेश कमिटी सदस्य सरस्वती चौधरी भन्नुहुन्छ, “यसले राजनीतिक उपलब्धिको रक्षामा सचेत गर्नसँगै अवसरका लागि उत्सुक बनाउँछ ।”

ग्रामीण बस्तीमा गठन भएका सामाजिक र आर्थिक गतिविधिका विभिन्न समूहमा महिला आबद्धता बढेपछि यसले राजनीतिक चेतना अभिवृद्धिमा पनि सघाउ पुर्‍याएको चौधरीको अनुभव छ । “घरको कामकाज र बुहार्तन महिलाकै जिम्मामा भए पनि आर्थिक स्रोतमा भने पहुँच अझै निकै कम छ, बस्तीबस्तीमा विभिन्न सामाजिक सङ्घसंस्थाको समन्वयमा आयआर्जनका सीप र काममा महिला लागेपछि यिनले पनि आफ्नो थैलीमा केही पैसा राख्न सक्ने भएका छन्” चौधरी भन्नुहुन्छ, “यो आर्थिक उपार्जनले परिवारमा महिलाको स्थान सम्मानीत बनाउँदै लगेको पाइन्छ ।” यस्ता सामाजिक सङ्घसंस्था र समूहमा आबद्ध महिला राजनीतिक रुपमा पनि जागरुक हुँदै गएका चौधरीको मूल्याङ्कन छ ।

चौधरीजस्तै नेपाली कांग्रेसका नेता तथा भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिसिंह थारु पनि महिला अधिकारको प्राप्ति र संविधानमा भएका विशेष व्यवस्थाको कार्यान्वयनका लागि सङ्गठनको आवाज सहयोगी मात्र नभइ कतिपय सन्दर्भमा निर्णायक भएको बताउनुहुन्छ । पछिल्ला केही दशकयता महिला अधिकारका क्षेत्रमा उल्लेख्य सुधार र उपलब्धि पनि महिलाको सङ्गठित आवाजकै प्रतिफल भएको सिंहको भनाइ छ । महिलाप्रतिको विभेद्को अवस्था चिर्न उनीहरुलाई सङ्गठित हुन अभिप्रेरित गर्नसँगै सहभागितामूलक राजनीतिक अवसरमा पहुँच बढाउन आवश्यक रहेको विभेद्विरुद्धको अभियानमा सक्रिय रहेका महिला बताउँछन् । राजनीतिक दलहरुले अवसरमा लाने महिला योग्यभन्दा आफ्ना आज्ञाकारी छान्ने परिपाटी रहेको आम गुनासो छ । यो गुनासोको सम्बोधन गर्दै दलहरुले पहलकदमी लिएमा कम समयमा बढी उपलब्धि हासिल हुने बर्दिबास-३ गौरीडाँडाकी सामाजिक अभियानी डोमा शाही विष्ट बताउनुहुन्छ ।रासस

# मिथिला थाली दक्षिण एसियाकै उत्कृष्ट परिकारको रुपमा मान्यता

**टुडे समाचारदाता**

काठमाण्डु । विश्वप्रसिद्ध नेशनल जियोग्राफिक म्यागजिनले नेपालका सेफ सन्तोष शाहद्वारा तयार गरिने ‘ मिथिला थाली’लाई दक्षिण एसियाकै उत्कृष्ट परिकारको रूपमा मान्यता दिएको छ। नेपाली भोजनलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउँदै आएका सेफ सन्तोषका परिकार हरूमध्ये मिथिला थालीले अहिले विश्वभर चर्चा बटुलेको रिपोर्टमा उल्लेख छ।

म्यागजिनका अनुसार ‘मिथिला थाली’मा स्थानीय सामग्री, घरेलु स्वाद, परम्परागत मिथिला पकाउने शैली र आधुनिक प्रस्तुतीकरणबीचको अद्भुत संयोजन भएकाले यसले दैनिक पाँच सयभन्दा बढी ग्राहकलाई आकर्षित गरिरहेको छ । जनकपुरधामको परम्परा, संस्कृति र खानाको गहिरो अर्थ बोकेको यो परिकारलाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्नु सेफ सन्तोषको महत्वपूर्ण योगदान भएको लेखिएको छ।

सेफ सन्तोषले आफू जन्मिएको भूमि, मिथिला संस्कृति र जनकपुरको स्वाद विश्वको प्लेटमा पुर्‍याउन पाएकोमा गर्व व्यक्त गर्दै भने, “नेपालको स्थानीय खाना विश्वले चिनेको देख्दा अझै धेरै मेहनत गर्न प्रेरणा मिलेको छ।”

नेशनल जियोग्राफिकले जनकपुरलाई सांस्कृतिक, धार्मिक र पाक-परम्पराले समृद्ध सहरका रूपमा चित्रण गर्दै जानकी मन्दिर,



मिथिला कला र स्थानीय भोजनको प्रशंसा पनि गरेको छ। यसअघि लोन्ली प्लानेटले पनि जनकपुरधामलाई दक्षिण एसियामा उदीयमान सांस्कृतिक तथा खाद्य-पर्यटन गन्तव्यका रूपमा सूचीबद्ध गरिसकेको थियो।

सेफ सन्तोषले ‘मिथिला थाली बाइ सन्तोष साह’ नाममा झम्सिखेल, नक्साल र गौशालामा शाखा सञ्चालन गरिरहेका छन्। जनकपुर फिस हाउसमार्फत मिथिलाको प्रसिद्ध माछाका परिकारलाई व्यावसायिक रूपमा विस्तार गरिरहेका उनले अब वीरगञ्जमा पनि नयाँ शाखा सुरु गर्ने तयारी गरिरहेका छन्।

नेपाली खानाको विश्वमा बढ्दो लोकप्रियता र मिथिला थालीको अन्तर्राष्ट्रिय मान्यताले नेपालका स्थानीय परिकारलाई वैश्विक खाद्य नक्सामा स्थापित गरेको विशेषज्ञहरूले बताएका छन्।

# प्रधानमन्त्रीसमक्ष जेनजी आन्दोलनको क्षतिसम्बन्धी प्रतिवेदन पेस

काठमाण्डु। जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न गठित समितिले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गरेको छ।


उक्त समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले विहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमाप्रतिवेदनसारांशकोप्रस्तुतीकरण गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते यो समिति गठन भएको थियो। समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन




बुझाएको हो ।समितिका अनुसार जेनजी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो । यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन् । प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ।

दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन् । १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ । समग्र भौतिक क्षति हेर्दा रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भएको समितिको मूल्याङ्कन छ । जसमध्ये प्रभावित निकाय/संस्था दुई हजार १६८ छन् ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# मधेशमा दल एकीकृत हुन आवश्यक

आसन्न आमनिर्वाचनको समय घट्दै छ। फागुन २१ गते आउन अब तीन महिना भन्दा पनि कम छ। चुनावको अन्य प्रक्रियाहरु माघदेखि प्रारम्भ भइसक्ने छ। हुन त केही प्रक्रियाहरु चलिरहेको छ। मतदाता नामावली सार्वजनिक, उम्मेदवारी दर्ता लगायतका प्रक्रियाहरु मतदान हुनु भन्दा धेरै अगाडि नै शुरु भइसक्ने छ। जेन- जी आन्दोलनको कारण पुराना दल र बाजे नेताहरुप्रतिको वितृष्णा छरपष्ट भएको छ। जेन- जीको विभिन्न समूहहरु मध्ये केहिले दल दर्ता गरेको छ। उनीहरु पनि चुनावी मैदानमा उत्रने निश्चित नै छ। पुराना दल र गत आमनिर्वाचनमा सशक्त रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), जनमत पार्टी लगायतले पनि उम्मेदवारी दिने निश्चित छ। ठूला दलहरुले उम्मेदवारी दिने त पक्का नै छ। मधेशमा रहेका दलहरुले पनि उम्मेदवारी दिने छ। उनीहरुले पनि चुनावमा सहभागी हुन दल दर्ता लगायतको काम गरिसकेका छन्। चुनावका लागि झण्डै डेढ सय दल दर्ता भएका छन्। निर्वाचन आयोगमा दर्ता भएका कुनै पनि दललाई एक्लै चुनाव लडेर सरकार बनाउने विश्वास छैन। त्यसकारण ठूला र साना दलहरु अलग अलग चुनाव लडन भन्दा एउटै चुनाव चिन्ह अथवा एकीकृत भएर नै चुनावमा जाने तयारी गरिरहेको छ। एमाले र नेपाली कांग्रेसले मिलेर चुनाव लडने सम्भावना बलियो छ। नेपाली कम्युनिष्ट पार्टील पनि चुनावमा मिलेर जाने उपायहरु खोजिरहेको छ। रास्वपाले पनि एक्लै चुनावमा जाने भन्दा जेन- जीलगायतका समूह अथवा दलहरुसित मिलेर जानेमा देखिन्छ। तराई मधेशका दलहरुलाई पनि चुनावमा एक्लै जाने साहस भइरहेको छैन। मधेशका दलहरुलाई एकीकृत भएर चुनावमा जान आवश्यक नै छ। मधेश केन्द्रित राजनीति गर्ने दलहरुको संख्या आवश्यकताभन्दा बढी छ। ती सबै दलहरु मिलेर चुनावमा गए यस पटक संघीय सरकार बनाउनेमा निर्णायक भूमिकामा पुग्न सक्छ। मधेश केन्द्रित दलहरु सरकार बनाउन निर्णायक भूमिकामा पुगेसंगै मधेशको अधिकांश समस्याहरु समाधान गर्न सहज हुनेछ। मधेशको समस्या समाधानका लागि मधेश केन्द्रित दलहरु बलियो हुनै पर्छ। लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र प्रगतिशील लोकतान्त्रिक पार्टी( प्रलोपा) एकीकृत हुने निर्णय गरेको छ। त्यो अत्यन्त सकारात्मक हो। राजेन्द्र महतोले पनि केही दलिहरुसित एउटै चुनाव चिन्ह लिएर जानेमा सहमति गरेका छन्। जनता समाजवादी पार्टी( जसपा अशोक राई) लगायत कयौं दलहरुसित एकीकृत अथवा एउटै चुनाव चिन्हबाट चुनाव लडने निर्णय भइसकेको छ। यसले तराईमा दलहरुलाई एकीकृत हुन दबाब बढाएको छ। तराई मधेशमा केन्द्रित दलहरु एकीकृत हुन आवश्यक छ। एकीकृत भएर चुनावमा नगए परिणाम सकारात्मक हुने सम्भावना छैन।

# 'अब हामी धेरै कुर्दैनौं'

**टिकाराम सुनार**

कैलालीकी सरिनाकुमारी चौधरीले आफ्नो प्रेमीका लागि सबै सुम्पिनुभयो-समय, सम्पत्ति र सपना। यी सबै बेचेर प्रेमीले आफूलाई बनाए। सामान्य चिकित्सा (एचए) पढेँ। कमाउने भएँ। बदलामा चौधरीलाई भने तिरस्कार मिल्यो। "तिरस्कार मात्रै के भन्नु ! कुटपिट, लाञ्छना र हिंसा मिल्यो। मैले आफूलाई रित्याएर उसलाई बनाएँ तर उसले आफू बनेपछि मलाई धोका दियो", उहाँले बेदना सुनाउनुभयो।

उहाँको सम्बन्ध परिवारको सहमतिअनुसार नै भएको थियो। अन्तिममा धोकाको अगाडि परिवारको बन्धनले बाँधिरहन सकेन। पाँच वर्षको सम्बन्ध वियोगान्त भयो। "परिवारको सहमतिमा मगनी भयो र केही समयपछि बिहे गर्ने सहमति थियो। सहमतिअनुसार मैले आफ्नो पढाइ छोडेर काम गरेर उसको पढाइमा सहयोग गरेँ। पाँच वर्ष श्रीमान-श्रीमतीजस्तै बस्यौँ, तर अन्तिममा धोका पाएँ ! उसले पढाइ सकेपछि विभिन्न लाञ्छना लगाएर कुटपिट तथा हिंसा गर्न थाले। जति गर्दा पनि सम्बन्ध नजोगिने भएपछि कानूनको ढोका ढक्ढक्याएँ। पछि आफ्नो अधिकार र अंश लिएर अलग्गै बसिरहेकी छु", सरिनाले भन्नुभयो।

चितवन माडीकी सुस्मा महतले बिहे गरेको नौ वर्ष भयो। दुई सन्तान छन्। केही समयअघि श्रीमानलाई माइतीको जमिन बन्धकी राखेर उहाँले विदेश पठाउनुभयो। शुरुमा जिन्दगी ठिकठाक चलिरहेको थियो तर त्यो लामो समय चलेन। एकाएक विदेशमा रहेका श्रीमानसँग सम्पर्क टुट्यो। त्यसबीचमा परिवारलाई थाहै नदिई श्रीमान् नेपाल आएका रहेछन्। "नेपाल आएको पनि अर्कै व्यक्तिबाट सुनेँ। एउटा केटीसँग बसिरहेको छ भनेर थाहा पाएपछि म त छाँगाबाट खसे झैँ भएँ। घटना प्रहरी प्रशासनसम्म पुग्यो, पटकपटक मेलमिलापमा टुङ्गियो", उहाँले भन्नुभयो, "मेलमिलापपछि फेरि उही कुरा दोहोरियो, केही समय मसँग बस्ने फेरि हराउने। पछि श्रीमान् र त्यो केटी मिलेर दुःख दिन थाले। घर परिवारले साथ दिएन।"

महतका अनुसार माइती पक्षले श्रीमानलाई विदेश पठाउन बन्धकी राखेको जमिन छुटाउन भन्छन्, स्थानीय ऋणीले ऋण चुक्ता गर्न दबाद दिन्छन्, तर साथमा न श्रीमान् छन् न त सम्पत्ति। अचेल उहाँ माइतीघरमा बस्न बाध्य हुनुपरेको छ। "सानै उमेरमा विवाह भयो, १७ वर्षमा पहिलो र १९ वर्ष दोस्रो सन्तान भए। अब त सन्तान हुर्किए भनेर सोचेकामा अर्को समस्या आइलाग्यो। सन्तानकै चिन्ताले श्रीमानको हिंसा सहेँ, अब त अत्ति भएपछि घर छाडेर न्यायका लागि लडिरहेकी छु। अब सहन्न", उहाँले भन्नुभयो।

धनुषा ढल्केबरकी ललितादेवी महतोले मौनता तोडेपछि नै हो न्याय पाएको। परिवारले न्यायको चित्कार सुन्न छोडिसकेको थियो। छिमेकीले अर्काको घर झगडामा किन चासो राख्नु भनेर बेवास्ता गर्न थालिसकेको थियो। घरेलु हिंसा बढ्दै गएपछि उहाँले अधिकारको लडाइँ लड्नुभयो र न्याय पनि पाउनुभएको छ। "मलाई झुक्याएर विवाह गरियो। घर परिवारले नै धर्म संस्कारअनुसार हाम्रो बिहे गरिदिए, केही समयपछि त उहाँको अर्को श्रीमती छ भन्ने थाहा पाएँ। छोराछोरी भए। जब सन्तानको जन्मदर्ता र मेरो नागरिकताको कुरा आयो, तब हिंसा शुरु भयो। बिहे गर्दादेखि चुपचाप रहेकी अर्को श्रीमतीले अब अवरोध गर्न थालिन्", महतोले सुनाउनुभयो।

न्यायका लागि स्थानीय प्रशासनमा गएपछि बहुविवाहको कुराले समस्या भयो। पालिका र जिल्ला प्रशासन कार्यालयबाट माग सुनुवाइ नभएपछि महतो अदालत जानुभयो। अदालतको फैसलाअनुसार नागरिकता, छोराछोरीको जन्मदर्ता र सम्पत्तिमा अधिकार स्थापित भएको छ। "मैले आवाज नउठाएको भए अहिले पनि हिंसा भोगिरहेकी हुन्थेँ होला ! न्यायका लागि बोलेँ, अदालतले पनि गुमराहमा राखेर बिहे गरेकाले सन्तानलाई त्यसको सजाय दिन मिल्दैन भनेर फैसला गर्‍यो अनि तुरुन्तै नागरिकता पाएँ", उहाँले भन्नुभयो,"अहिले श्रीमान्बाट अंश पाएकी छु। सानो पुँजीबाट लाखौँको सम्पत्ति जोडेकी छु। सामाजिक न्यायको कुरा गरिरहेकी छु। हिजो मलाई अन्याय गर्ने पहिलो श्रीमतीको न्यायका लागि पनि आज मैले नै बोल्नुपरेको छ।"

सरना, ललिता र सुस्मा मात्रै होइन, विभिन्न बहानामा बर्सेनि हजारौँ महिलाले हिंसाको सामना गर्नु परिरहेको छ। आफूमाथि भएको अन्यायका विरुद्ध लड्नेहरुले न्याय पनि पाएका छन्। नेपाल प्रहरीमा आर्थिक वर्ष २०८१/८२ मा १७ हजार ५०९ घरेलु हिंसाका घटना दर्ता हुँदा त्यसमा १५ हजार ५०० भन्दा बढी महिला र बालिकासँग सम्बन्धित छन्। घरेलु हिंसा सो अवधिमा दर्ता भएका कुल घटनाको ८१ दशमलव ५६ प्रतिशत छ। सोही अवधिमा दुई हजार २६२ माथि बलात्कार भएको छ, जसमा एक हजार ४३७ बालिका मात्रै छन्।

नेपालमा मात्रै होइन, विश्वभर नै आफ्नै नजिकका मान्छेबाट धेरैजसो महिला र बालिका हिंसामा परिरहेका छन्। संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडीसी) र संयुक्त राष्ट्र महिला (युएन वुमेन) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले विश्वमा हरेक १० मिनेटमा आफन्तबाटै एक महिलाको हत्या हुने गरेको देखाएको छ। यस्तै, विश्व स्वास्थ्य सङ्गठनको अध्ययनअुसार विश्वभरका करिब तीनमध्ये एक महिला (अनुमानित ८४० मिलियन) ले आफ्नो जीवनकालमा नजिककै व्यक्तिबाट यौन हिंसाको कुनै न कुनै स्वरूप भोगिसकेका छन्।

गत १२ महिनामा मात्रै ३१६ मिलियन महिला (१५ वर्ष वा सोभन्दा माथिका कुल महिलाको ११ प्रतिशत) नजिकका (घरेलु/अन्तरङ्ग) साझेदारबाट शारीरिक वा यौन हिंसा भोग्न बाध्य भएका त्यो प्रतिवेदनमा उल्लेख छ। अध्ययनमा भनिएको छ,"१५ वर्षको उमेरपछि २६३ मिलियन महिलाले गैरसाझेदारबाट यौन हिंसा भोगेका छन्। यद्यपि, विशेषज्ञहरूका अनुसार यो सङ्ख्या वास्तविकताभन्दा धेरै कम देखिएको हुनसक्छ, किनकी यस्ता घटनाहरू बदनाम, लाज र डरका कारण उजागर हुँदैनन्।"

दलित महिला सङ्घ (फेडो) ले हालै सार्वजनिक गरेको अध्ययनमा पनि उक्त संस्थामा दर्ता भएका ४३९ उजुरीमध्ये २१२ घटना घरेलु हिंसाका छन् भने नेपाल प्रहरी तथा सरोकार भएका निकायमा आउने उजुरीअनुसार नेपालका हरेक एक सय जना महिलामा ८० जना घरेलु हिंसामा पर्ने गरेको र हरेक दिन सरदर सात जना बलात्कृत हुने गरेको तथ्य प्रतिवेदनमा उल्लेख छ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को तथ्याङ्कमा पनि कुल घटनामा ७२ प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित भएको उल्लेख छ। मानवअधिकार आयोगको दस्तबेजमा २४७ घटनामध्ये महिला र बालिकामाथि घरेलु हिंसाका ७३ र यौनजन्य हिंसाका २६ घटना छन्। राष्ट्रिय महिला आयोगमा महिलासँग सम्बन्धित मानसिक हिंसाका १९५, आर्थिक हिंसाका २७७, शारीरिक हिंसाका २४६ र यौन हिंसाका नौ वटा घटना अभिलेख भएका छन्।

यी तथ्यले महिला तथा बालिकाहरु आफ्नै घर र आफन्तबाटै सुरक्षित नरहेको विषय उजागर गरेका छन्। ओरेकका संस्थापक डा रेणु राजभण्डारी विभिन्न निकायका अध्ययनले बिहे भएका महिलामाथि घरेलु हिंसा, अविवाहित बालिकामाथि यौन हिंसा हुने गरेको र त्यसमा आफन्त तथा नजिककै व्यक्ति संलग्न हुने गरेको डरलाग्दो प्रवृत्ति देखाएको बताउनुहुन्छ। यी घटना पनि हिंसा सहनुहुन्न भन्ने साहस भएकाहरु जोखिम मोलेर बाहिर आएकाले थाहा हुने गरेको भन्दै उहाँले अझै पनि विभिन्न कारणले हिंसा सहेर बस्नेहरुको वास्तविक सङ्ख्या दबिएरै बसिरहेको बताउनुहुन्छ।

"हाम्रो समाजले महिलालाई सानैदेखि सहन सिकाउँछ। गलत भनाइ, दबाब र हिंसालाई 'घरका कुरा' भन्दै भित्रै राख्न सिकाइन्छ। महिलालाई नै आफैँलाई दोषी ठान्न बाध्य पार्ने संरचनागत अवस्था छ। आफ्नो पीडा भनी हालेमा थप हिंसा हुने मनोवैज्ञानिक त्रासले धेरै महिलाहरू चुपचाप पीडा सहन बाध्य छन्", डा राजभण्डारी भन्नुहुन्छ,"तर, चुप बस्दा पीडा घट्दैन, हिंसा पनि स्वतः हराउँदैन–बरु, समयसँगै अझै गहिरिन्छ। पीडकहरुको मनोबल थप बढ्छ। त्यसैले आफ्नो वर्षौँको मौनता भङ्ग गर्नेहरुले नै न्याय पाउने हो। हाम्रा अध्ययनले पनि त्यही देखाउँछन्।"

फेडोका संस्थापक अध्यक्ष दुर्गा सोब महिलामाथि समाजका संस्कारगत मान्यता, परिवारको इज्जत र सन्तानको भविष्यको डर देखाएर हिंसा भइरहेको भन्दै अब सहेर बस्ने अवस्था नरहेको बताउनुहुन्छ। "महिलाहरूले विभिन्न प्रथा, परम्परा र जिम्मेवारीका कारणले पीडा सहँदै न्यायका लागि वर्षौंदेखि पर्खिरहनुपरेको छ। बर्सेनि उजुरीका घटना बढिरहेका छन्, यसले अब सहँदैनौँ भन्ने सङ्केत त गर्छ, तर हिंसा गर्नेहरु रोकिएका छैनन् भन्ने उदारहण पनि हुन् यी। अब कि हिंसा गर्नेहरु रोकिनुपर्छ, नभए महिलाहरूले आफूलाई बदल्नैपर्छ", उहाँ भन्नुहुन्छ।




सामाजिक अभियन्ता एवं नेतृ लक्ष्मी परियार अब विस्तारै सुधार हुँदै जाला भनेर पर्खिने समय नरहेको बताउनुहुन्छ। "हरेक कुरा समयक्रममा ठिक हुँदै जान्छ भनेर सिकाइयो। अझै पनि धेरैजसोले पितृसत्ता र संरचनागत विभेद्का घटनामा त्यही भनिरहेको सुन्छु। विगतमा हिंसा र विभेद भोग्नेहरुले धेरै पर्खियौँ, धेरै सह्यौँ, त्यसले पीडकको मनोबल बलियो बनाउने र हिंसा सहनेहरुलाई झन्झन् किनारामा धकेल्ने अवस्था बनाउँदो रहेछ। अब समय बदलिने प्रतीक्षामा बस्नुहुँदैन, न्याय, समानता र परिवर्तनका लागि आवाज उठाउनुपर्छ", उहाँले भन्नुभयो।

### 'पीडित होइन, पीडक रोकिनुपर्छ'

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान मनाइन्छ। यस अवसरमा नेपालमा पनि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले विभिन्न कार्यक्रम गरेर हिंसाविरोधी अभियानमा ऐक्यबद्धता जनाउँछन्। यसवर्ष पनि त्यस्तै भयो। अधिकारकर्मीहरुले अझै पनि महिलालाई घर, समाज, धर्म, कानूनलगायत सामाजिक संरचनाले अगाडि आउन समस्या भइरहेको दाबी गरे। विभिन्न अध्ययनले पनि समाजमा जागरुकता आइरहेको भए पनि हिंसाको स्वरुप पनि त्यहीअनुसार फेरिँदै गएको देखाएका छन्।

सूचना प्रविधिको विकाससँगै अपलाइनमा हुने हिंसा अनलाइनमा सर्दै जानु त्यसैको उदाहरण भएको अधिकारकर्मीको भनाइ छ। साइबर ब्यूरोका गत एक वर्षका १८ हजार ९२६ उजुरीले प्रविधि-आधारित हिंसा सामाजिक रूपले व्यापक फैलिँदो गएको प्रष्ट देखाउँछ। महिला र बालिकाहरू प्रविधि-आधारित हिंसामा बढी जोखिम (४४.०७७ प्रतिशत) मा रहेका ब्यूरोको तथ्याङ्क छ। यसले अफलाइन (भौतिक) हिंसाजस्तै अनलाइन हिंसा पनि महिला र बालबालिकाको लागि मुख्य सुरक्षा चुनौतीका रुपमा रहेको देखाएको छ।

नेपालमा मात्रै विश्वका ५८ प्रतिशत युवती वा किशोरीले कुनै न कुनै किसिमको अनलाइन दुर्व्यवहार झेल्ने र यसमध्ये अधिकांशले १४ देखि १६ वर्षकै उमेरमा पहिलो पटक हिंसा भोग्ने गरेको युनिसेफले हालै सार्वजनिक गरेको एउटा विवरणमा उल्लेख छ। एसिया प्रशान्त क्षेत्रका तीनमध्ये एक महिला सांसदले अनलाइन आक्रमण खेप्ने गरेका, हरेक आठमध्ये एकले १८ वर्षको उमेरभन्दा पहिले (बाल्यकाल/किशोरावस्थामा) बलात्कार वा यौन शोषण भोगिसकेको र पाँचमध्ये एक जनाले अनलाइन वा शाब्दिक हिंसा भोगेको विवरणमा उल्लेख छ।

अधिकारकर्मी रेणु सिजापति सामाजिक चेतना बढ्दै गए पनि हिंसा गर्नेहरु त्योभन्दा एक कदम अगाडि बढेर हिंसाका नयाँ स्वरुपमा अभ्यस्त हुने गरेको अवस्था सुनाउनुहुन्छ। त्यस्ता प्रवृत्तिले अझै पनि महिलाको शरीर, श्रम, गतिशीलता, यौनिकतामाथि नियन्त्रण राख्न खोज्ने गरेको उहाँको बुझाइ छ। "हजारौँ वर्षदेखि महिलालाई विभिन्न तरिकाले हुँदै आएको उत्पीडनको संरचना, विचार तथा व्यवस्था अझै विद्यमान छ। त्यसविरुद्ध इतिहासका हरेक कालखण्डमा महिलाले विविध प्रकारले प्रतिरोध, संघर्ष र आन्दोलन गर्दै आएका छन्", सिजापतिको भनाइ छ,"पछिल्लो समय समान अधिकार, समानता र भेदभावरहीत व्यवहार, यौन उत्पीडन, घरेलु हिंसा र श्रमको सम्मानका लागि संघर्ष गरिरहनुपरेको छ।"

नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रहरी उपरीक्षक श्यामसिंह चौधरी पछिल्लो समय अनलाइनमार्फत हुने हिंसा, घरेलु हिंसा र यौनजन्य घटना बढिरहेकाले यस विरुद्ध सबै लाग्नुपर्ने बताउनुहुन्छ। "प्रहरीले स्वअनुगमन र उजुरीमा आधारित रहेर कामकारबाही गरिरहेको छ। कुनै पनि नाममा हुने हिंसालाई हामीले तदारुकताका साथ सम्बोधनको प्रयास गर्छौं, यसमा सबै पक्षबाट सकारात्मक सहयोगको आवश्यकता छ। साथै, पीडित आफैँ बढी जागरुक हुने, हिंसा नसहने र न्यायका लागि अगाडि सर्नुपर्ने हुन्छ, यसमा विस्तारै सुधार हुँदैछ", उहाँले भन्नुभयो।

अधिकारकर्मी डा राजभण्डारी पनि पीडितले न्यायका लागि आफैँ अग्रसर नहुँदासम्म अरुले बोलेर मात्रै परिवर्तन नआउने बताउनुहुन्छ। उहाँ हिंसापीडितले आफ्नो आवाज सशक्त रुपमा राखे परिवर्तन दिगो हुने धारणा राख्नुहुन्छ।

"म पहिलो संविधानसभाको समय सम्झिन्छु, महिला अधिकार र सुरक्षाका लागि हामीले लगातार २४ दिन आन्दोलन गर्‍यौँ। आवाजको सुनुवाइ नभएपछि पेटिकोट लगाएर आन्दोलन गर्नुपर्‍यो। त्यसपछि नै सभामुखले आवश्यक कानून बनाएर कार्यान्वयन गर्न सरकारलाई 'रुलिङ' गर्नुभयो। लगत्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ आयो", राजभण्डारीले सम्झनुभयो,"मौनता तोड्यो, अधिकारका लागि लड्यो भने परिणाम आउँछ भन्ने यो बलियो उदाहरण हो। अब फेरि हिंसा न्यूनीकरणका लागि सामाजिक रुपान्तरणका लागि सामाजिक आन्दोलनको खाँचो देखिएको छ। यसमा जो प्रभावित छ, उसैले सङ्गठित आवाज उठाउने र अरुले सहयोग गर्नुपर्ने देखिन्छ।"

विभिन्न अध्ययनअनुसार महिला हिंसा अझै पनि ठूलो समस्याका रुपमा रहेको छ। यस्तो अवस्थामा सरिना, ललिताजस्ता थुप्रै प्रभावित महिलाहरुका उदाहरणले जब महिलाहरू बोल्न थाल्छन्, तब समाजले सुन्नैपर्छ भन्ने सन्देश दिएका छन्। त्यसैले अब समय र अवस्था बदल्न आफैँ बदलिनुपर्ने र अपराध कर्म रोक्नुपर्ने धेरैको मत छ।

# महाधिवेशनको नियतिमा नियतको खोट नलागोस्

**डा. शोभाकर पराजुली**

अन्ततः १५औं महाधिवेशनको टुङ्गो लगाएर नेपाली काँग्रेस, पार्टीको आन्तरिक माहौलमा होमिएको छ। नेपाली काँग्रेसको आन्तरिक जीवन मात्रै पार्टीको जीवन्ततासँग मात्रै सम्बन्धित छैन, बरु राष्ट्रिय राजनीतिक जीवनमा पनि यसले विशेष अर्थ राख्छ। एक प्रकारले राष्ट्रको सङ्कटलाई छोडेर आन्तरिक मन्थनमा लामो समय बिताएको नेपाली काँग्रेसमाथि राष्ट्रिय दायित्वका सवालमा आलोचनात्मक टिप्पणीहरू पनि नभएका होइनन्, तथापि नेपाली काँग्रेसको त्यही नीति र निर्णय नै राष्ट्रका लागि सङ्कट निकासका लागि निर्णायक मोड पनि बन्न सक्छ। यो नेपाली काँग्रेसको राष्ट्रिय दायित्व पनि हो।

नेपाली काँग्रेस आफैमा एउटा ऐतिहासिक पार्टी हो। लोकतन्त्रको पहरेदारका रूपमा देशका हरेक मोडहरूमा नेपाली काँग्रेसले नै नेतृत्व गर्दै आएको छ। आजको राजनीतिमा नेपाली काँग्रेस कहाँ छ ? पार्टी सदस्यता नलिएरै पनि वा नेपाली काँग्रेसलाई नचिनेरै पनि भोट हाल्दा 'रुख' खोज्नेहरूले धानेको पार्टी हो नेपाली काँग्रेस। यसका आफ्नै ऐतिहासिक आयामहरू छन्, आफैले कोरेका इतिहासका पानाहरू जिउँदा छन्। यस अर्थमा नेपाली काँग्रेस भनेको कुनै वामपन्थ जस्तो सांगठनिक पार्टी होइन, यो समुदायमा आफै जन्मिएर आफैमा झाँगिएको पार्टी हो। तर यसो भन्दैमा हामीले पार्टीका हरेक तहका नेतृत्व र संगठनलाई कमजोर बनाउने भनेको होइन वा त्यसै छोड्ने भनेको होइन।

हामीले इतिहास रचेका छौं भनेर आजको पुस्ता अनि भावी पिँढीका लागि पनि नेपाली काँग्रेस हुनुमा गौरवान्वित हुनसक्ने बनाउनुपर्ने दायित्व आजको नेतृत्वमा छ। हिजो हामीले वा हाम्रा पुर्खाले के गरे त्यसको लेखाजोखामै समय खेर फाल्नु भन्दा पनि अबको पुस्तालाई नेपाली काँग्रेससँग कसरी जोड्ने भन्ने भिजन अहिले पार्टीलाई चाहिएको छ। त्यसकै लागि 'युथ' र 'स्मार्ट' नेतृत्वको आवश्यकता छ। युवा यस अर्थमा कि त्यो उमेरले होइन पार्टी जोगाउने उसको दूरदर्शनमा भर पर्ने कुरा हो। 'स्मार्ट' यस अर्थमा कि आजको पुस्तालाई उसले राजनीति बुझाउन सकोस् वा राजनीतिमा आशा जगाउन सकोस्। देशमै बस्न मन नगरिरहेको युवा पुस्तालाई एउटा ऐतिहासिक र पुरानो पार्टीमा कसरी गाँस्ने अनि उसलाई कसरी टिकाउने भन्ने कुरा अहिलेको नेतृत्वको कार्यशैलीमै निर्भर छ।

जेनजी आन्दोलनको एउटा अन्तर्य यो पनि हो।

जे होस् पार्टीको राजनीतिक जीवनमा नेपाली काँग्रेस यतिबेला अत्यन्तै संवेदनशील घडीमा छ। जेनजी विद्रोहपछि नेपाली राजनीतिमा जुनप्रकारको उथलपुथल आयो त्यसका भयङ्कर बाछिटाले नेपाली काँग्रेस निकै पिरोलियो।

एउटा कोणबाट हेर्ने हो भने जेनजी आन्दोलनपछिका लगभग अढाई महिनाहरू नेपाली काँग्रेसले खेर फालेकै हो। सुरुका केही दिनको अन्योलबिच नेपाली काँग्रेस सार्वजनिक जीवनमा देखिएन। राष्ट्रिय मुद्दाहरूमाथि नेपाली काँग्रेसले सार्वजनिक बहस नै चलाएको जस्तो देखिएन। त्यसपछिका केही दिन काँग्रेसको नेतृत्वमाथि बहस सुरु हुन थाल्यो। पार्टीकै नेता कार्यकर्ताहरूले नेतृत्व परिवर्तनको बहसलाई यतिधेरै माथि उठाइदिए कि त्यसले पार्टीलाई महाधिवेशनको बाटोमा जानै पर्ने दबाब सिर्जना पनि गर्‍यो।

> पार्टी सभापति शेरबहादुर देउवाको सुझबुझपूर्ण र परिपक्व निर्णयका कारण अहिले नेपाली काँग्रेस फेरि एउटा मूलबाटोमा आफूलाई हिँडाउँदै छ। जसरी विद्रोहको भावनालाई स्वीकार गर्दै उहाँले पार्टी नेतृत्व हस्तान्तरणको सहज बाटो खोलिदिनु भयो त्यसले पार्टीलाई नयाँ नेतृत्व, नयाँ सोच र नीति बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेल्नेछ। यसर्थ पनि उहाँको यो अभिभावकीय भूमिकालाई नेपाली काँग्रेसको यो पुस्ताले मात्रै होइन आगामी पुस्ताले समेत सम्झी रहनुपर्छ।

यद्यपि गत भदौ २३ र २४ मा भएको जेनजी विद्रोहको एक भावनांश पनि थियो। त्यो विद्रोहको एउटा प्रस्ट आवाज यो पनि थियो कि अब 'थोत्रिएको नेतृत्व र थोत्रिएको विचार' ले देश चल्दैन। पार्टी अनि राजनीति चल्दैन। 'रि-फर्म' त्यो विद्रोहको एक मुख्य हिस्सा थियो समाज, राष्ट्र, राजनीति र राजनीतिक दलका सवालमा पनि। विद्रोहको त्यही भावमा नेपाली काँग्रेसभित्र पनि नेतृत्व अनि नीति परिवर्तनको बहस चल्यो। जसमा नेपाली काँग्रेस कम्तीमा दुई महिना आन्तरिक बहसमा जम्यो। यो बहस, छलफल अनि आन्तरिक मन्थनले अन्ततः १५औं महाधिवेशनको बाटो तय गरेको छ। खेर फालिएका भए पनि डेढ महिनाका यी दिनहरू नेपाली काँग्रेसको इतिहासमै महत्त्वपूर्ण क्षणहरूका रूपमा पक्कै लेखिनेछन्।

जे होस् पार्टीको राजनीतिक जीवनमा नेपाली काँग्रेस यतिबेला अत्यन्तै संवेदनशील घडीमा छ। जेनजी विद्रोहपछि नेपाली राजनीतिमा जुनप्रकारको उथलपुथल आयो त्यसका भयङ्कर बाछिटाले नेपाली काँग्रेस निकै पिरोलियो। पार्टीका केन्द्रीय सभापति, जो यो राष्ट्र, राष्ट्रियता र लोकतन्त्रका लागि आफ्नो जीवनभरि लडिरहनुभयो उहाँमाथि साङ्घातिक आक्रमण गरियो। पार्टी कार्यालयहरू ध्वस्त पारिए। पार्टी नेताका निजी घरहरू खरानी बनाइए। लोकतन्त्रमा विद्रोह वा विरोधको जग जसले बसाल्यो आखिर उसैमाथि एउटा पुस्ताको नाममा मौलाएको अराजकताले आक्रमण गर्‍यो।

२०८२ को मंसिरमै नेपाली काँग्रेसको महाधिवेशन हुनुपर्छ भनेर उहाँले आफ्नो अडान अन्तिमसम्म पनि छोड्नु भएन। यद्यपि परिस्थितिले यो मंसिर पनि त्यत्तिकै गुज्रियो।

तथापि पार्टी सभापति शेरबहादुर देउवाको सुझबुझपूर्ण र परिपक्व निर्णयका कारण अहिले नेपाली काँग्रेस फेरि एउटा मूलबाटोमा आफूलाई हिँडाउँदै छ। जसरी विद्रोहको भावनालाई स्वीकार गर्दै उहाँले पार्टी नेतृत्व हस्तान्तरणको सहज बाटो खोलिदिनु भयो त्यसले पार्टीलाई नयाँ नेतृत्व, नयाँ सोच र नीति बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेल्नेछ। यसर्थ पनि उहाँको यो अभिभावकीय भूमिकालाई नेपाली काँग्रेसको यो पुस्ताले मात्रै होइन आगामी पुस्ताले समेत सम्झी रहनुपर्छ।

१५ औं महाधिवेशनका सन्दर्भमा पनि उहाँले निकै मध्यमार्गी बाटो अपनाएर कार्यवाहक सभापतिमार्फत पार्टीलाई एउटा निकासको बाटो देखाउनुभएको छ। जुन कुरा काँग्रेसकै नेता डा. शेखर कोइरालाले पनि बारम्बार भन्दै आउनुभएको थियो। लामो समयदेखि उहाँले पार्टी महाधिवेशन विधानले नै तोकेको समयमा हुनुपर्छ भन्दै आउनु भएको थियो। २०८२ को मंसिरमै नेपाली काँग्रेसको महाधिवेशन हुनुपर्छ भनेर उहाँले आफ्नो अडान अन्तिमसम्म पनि छोड्नु भएन। यद्यपि परिस्थितिले यो मंसिर पनि त्यत्तिकै गुज्रियो। अन्ततः डा. कोइरालाले भन्नु भएजस्तै पार्टी सभापतिले एउटा मझधारको बाटो दिएर पुस २६ देखि नेपाली काँग्रेसको महाधिवेशन हुने भएको छ।

यसका लागि कोइरालाले लामो समय पार्टीभित्रका विभिन्न पदाधिकारीहरू, नेताहरू तथा युवा कार्यकर्ताहरूसँग समेत निरन्तर छलफलमा रहनुभयो। पटक-पटक पार्टी सभापतिलाई कन्भिन्स गर्नेदेखि सङ्कटका बेलामा उत्तेजक नहुनसमेत उहाँले सम्झाउँदै आउनुभयो र आफूलाई पनि पार्टीभित्रको मध्यमार्गी नेताका रूपमा उभ्याउनु भयो। अन्ततः नेपाली काँग्रेसको आफ्नै चरित्रअनुसार पार्टी विवाद पनि मध्यमार्गी बाटोबाटै समाधान्मुख भयो। त्यसैको प्रतिफल १५औं महाधिवेशनको मिति हो। हुने नै भएपछि मंसिर र पुसका केही मितिहरूले खासै फरक नपार्लान्।

यसै पनि चुनाव भन्दा अघि नै नेपाली काँग्रेसको महाधिवेशन हुनैपर्ने थियो। लोकतन्त्रको आलोकमा उज्यालिएको नेपाली काँग्रेसले आफैले त्यसको दियो कहिल्यै निभाउने हरकत गर्न हुँदैनथ्यो।

हरेक राजनीतिक पार्टीको आन्तरिक जीवनमा महाधिवेशन भनेको एउटा शक्ति हो, जसले पार्टीका भावी गन्तव्य तय गर्छ। डा. कोइरालाले भन्नु भए अनुसार पहिला नै पार्टीको महाधिवेशनबारे निर्णय लिन सकेको भए अहिलेको जस्तो केन्द्रीय समितिको बैठककै लागि नेपाली काँग्रेसले समय खेर फाल्नुपर्ने थिएन। महाधिवेशन कहिले गर्ने भन्ने आन्तरिक विवादमै नेपाली काँग्रेसले खेर गरेका यी डेढ महिनामा राष्ट्रिय सङ्कट मोचनका लागि नेपाली काँग्रेसले उपयोग गर्न सक्थ्यो। खैर, जे भए पनि अब नेपाली काँग्रेस महाधिवेशनमै होमिनु पर्नेछ। त्यसपछि फागुन २१ को चुनाव त अनिवार्य राष्ट्रिय आवश्यकता नै भइहाल्यो।

यसै पनि चुनाव भन्दा अघि नै नेपाली काँग्रेसको महाधिवेशन हुनैपर्ने थियो। लोकतन्त्रको आलोकमा उज्यालिएको नेपाली काँग्रेसले आफैले त्यसको दियो कहिल्यै निभाउने हरकत गर्न हुँदैनथ्यो। त्यो भएन। राम्रै भयो। कम्तीमा हामीले आगामी फागुन २१ को निर्वाचनमा नेपाली काँग्रेसका नयाँ अनुहारहरू, नयाँ नीति अनि नयाँ नेतृत्वलाई आम मतदाताबिच चिनाउन पाउनेछौं।

आफ्नै आन्तरिक जीवनको लोकतन्त्र निभाएर फेरि हामीलाई चुनावमा आम नागरिकका अघि भोट माग्ने नैतिक अधिकार थिएन पनि। अब भने नेपाली काँग्रेस फेरि एकपटक मजबुतीको जगबाट उठ्ने बेला भएको छ। समय थोरै छ। कार्यभारका दायराहरू साँघुरा छन्। र, पनि महाधिवेशन गर्नैपर्नेछ। यो वा त्यो बहानामा फेरि महाधिवेशन लम्ब्याउने छुट कम्तीमा अब 'म्याद थपिएका' पदाधिकारीहरूलाई छैन। त्यो हुन पनि सक्दैन।

अब महाधिवेशनको कार्यतालिका अनुसार जिम्मेवारी पाएका पदाधिकारीहरूले अब एक निमेष पनि खेर नफालेर काम फत्ते गर्न जरुरी छ। आम कार्यकर्ताहरूले एकपटक पद र प्रतिष्ठाको लोभ नगरेर समग्र राष्ट्रिय दायित्व अनि पार्टीप्रतिको जिम्मेवारी सम्झेर महाधिवेशनमा साझेदारी गर्नु आवश्यक छ। यसरी हर निमेष हामी सबै महाधिवेशनका लागि जुट्यौं भने पुस २६का लागि थाँती रहेका सबै कामहरू हामीले त्यसअघि नै सक्नेछौं।

समय निकै नै छोटो छ। गर्नुपर्ने कामहरू धेरै छन्। यद्यपि महाधिवेशनको मिति घोषणा भए पनि पर्दापछि अझै कैयौं अन्योल र आशङ्काहरू पनि व्याप्त छन्। तर त्यसलाई पनि हामीले आफ्नो जिम्मेवारीमार्फत निस्तेज पार्न सक्छौं। किनकि विशेष महाधिवेशनका लागि दुई हजार चार सय ४८ हस्ताक्षरहरू पार्टी कार्यालयमा ताजै छन्। कार्यसमितिले माघ मसान्तसम्ममा आफ्नो पदावधि लम्बाएको छ। यसमा पनि कतिपय आशङ्काहरू उत्पन्न भएका छन्। आशा गरौं, नियतिको यो सङ्कटपूर्ण घडीमा नेपाली काँग्रेसको नियतमा कालो नपोतियोस्।

## एमाले महाधिवेशनः

# पार्टी कार्यालयमा चहलपहल बढ्यो




काठमाण्डु । नेकपा (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशन आउन तीन दिन बाँकी रहँदा ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा चहलपहल बाक्लिएको छ।

बिहानैदेखि पार्टी कार्यालयमा नेता तथा प्रतिनिधिले चहलपहल बढेको हो। नेता तथा कार्यकर्ता एकापसमा महाधिवेशनको नेतृत्वबारे छलफलमासमेत जुटेका छन्। पार्टी कार्यालयमा धेरैजसो युवा नेता दिनभरि नै भरिभराउ देखिन्छन्। एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले तीन-चार दिनदेखि पार्टी कार्यालयमा भिडभाड बढेको बताउनुभयो।

"बिहान ८ बजेदेखि पार्टी कार्यालयमा नेता र प्रतिनिधिको चहलपहल हुन्छ", उहाँले भन्नुभयो, "काठमाडौँ आएका प्रतिनिधिले एकापसमा पार्टी नेतृत्वबारे छलफल र उम्मेदवारका विषयमा छलफल गर्ने गरेका छन्।" उहाँले पार्टी कार्यालयमा महाधिवेशनमा अन्य कामसमेत भइरहेकाले देशभरिबाट आएका प्रतिनिधिले पार्टी कार्यालयको रौनक नै थपेको बताउनुभयो।

उहाँका अनुसार महाधिवेशनमा सहभागी हुने करिब ७५ प्रतिशतभन्दा बढी काठमाडौँ आइसक्नुभएको छ। महाधिवेशनमा करिब दुई हजार दुई हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन्। एमाले महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुँदैछ। महाधिवेशनको उद्घाटन भक्तपुरस्थित सल्लाघारी र बन्दसत्र भृकुटीमण्डपमा हुनेछ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार महाधिवेशनको तयारीको अन्तिम चरणमा पुगेको बताउनुभयो। एमालेले महाधिवेशन सम्पन्न गर्नका लागि विभिन्न १३ समिति गठन गरेको छ।रासस

> "काठमाडौँ आएका प्रतिनिधिले एकापसमा पार्टी नेतृत्वबारे छलफल र उम्मेदवारका विषयमा छलफल गर्ने गरेका छन्।"

## प्रधानमन्त्री कार्कीसमक्ष मातृभूमि पार्टीको ज्ञापनपत्र

काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीसमक्ष जय मातृभूमि पार्टीको एक प्रतिनिधिमण्डलले भेट गरी विहीबार ज्ञापनपत्र बुझाएको छ।

उक्त पार्टीले केवल चुनावको तयारी मात्र नगरी सरकारले सुशासनको मूल कार्यादेशमा केन्द्रित हुनुपर्ने धारणा प्रधानमन्त्री समक्ष राखेको छ। प्रतिनिधिमण्डलमा पार्टीका वरिष्ठ नेता क्याप्टेन केबी लिम्बू, सहअध्यक्ष रामशरण पाण्डे, महासचिव गोविन्द गिरीलगायत थिए। पार्टीले निर्वाचनको वातावरण बनाउन जेनजी आन्दोलनका दमनकारी र भ्रष्टाचारीमाथि शीघ्र कारबाहीको माग पनि राखेको छ।

यो सरकारको मूल मुद्दा भ्रष्टाचारविरुद्धको कारबाही रहेकाले यसैमा केन्द्रित रहेर आफ्ना काम-कारबाही अघि बढाउनुपर्ने सो पार्टीको माग छ। प्रधानमन्त्री कार्कीले उक्त दललाई आफ्ना एजेन्डा लिएर चुनावमा जान सुझाव दिँदै भ्रष्टाचारविरुद्धको कारबाहीलाई पनि सँगसँगै अघि बढाइरहेको बताउनुभयो। उहाँले राजनीति गर्नेहरुले केवल भाषण मात्रै गर्ने गरेकाले अब मुलुकमा उत्पादनलाई केन्द्रमा राखेर काम गर्ने पार्टीको आवश्यकता रहेको पनि बताउनुभयो।

उहाँले भन्नुभयो, "युवामा वितृष्णा बढ्यो, आन्दोलन भयो, अब यस्तो आन्दोलन हुनु नपर्ने गरी काम गरौँ। नेताहरु भाषण मात्रै गर्ने भए, त्यसैले तपाईँहरु पनि चुनावमा जानुहोस्, राम्रो काम गर्ने र देशको आर्थिक समृद्धि तथा सुशासनका निम्ति प्रतिबद्ध सांसद जिताएर संसदमा पठाउनुहोस्।"रासस



## मन्त्रिपरिषद् बैठकः

# जेनजी प्रतिनिधिबीचको सम्झौता अनुमोदन



काठमाण्डु। नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले सरकार र जेनजी प्रतिनिधिबीच बुधबार भएको सम्झौता अनुमोदन गरी सम्बन्धित मन्त्रालयबाट उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा विहिबार भएको बैठकले उक्त सम्झौतालाई नेपाल राजपत्रमा अतिरिक्ताङ्कका रुपमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो। बुधबार प्रधानमन्त्री सुशीला कार्की र जेनजी प्रतिनिधिबीच १० बुँदे सहमति भएको थियो।

बैठकले गत भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा छानबिन गर्न गठित जाँचबुझ आयोगको कार्यक्षेत्र विस्तार गर्ने निर्णय गरेको मन्त्री खरेलले बताउनुभयो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोगमा बयान दिन जाने विषयमा दिएको अभिव्यक्ति सम्बन्धमा सोधिएको प्रश्नमा मन्त्री खरेलले आयोगको कार्यक्षेत्र विस्तार गरिएको र आयोगले आफ्नो काम कानुनबमोजिम गर्ने विश्वास रहेको प्रतिक्रिया दिनुभयो। विहिबारको बैठकमा भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका सार्वजनिक सम्पति र भौतिक क्षतिको पुनः मूल्याङ्कन तथा पुनःनिर्माण गर्न गठित समितिको प्रतिवेदन प्रधानमन्त्री कार्कीलाई हस्तान्तरण गरिएको थियो। बैठकले न्याय सेवाका सहसचिव पुष्कर सापकोटालाई सचिवमा बढुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदस्थापन गर्ने निर्णय गरेको छ। यस्तै समाजकल्याण परिषद्को रिक्त सदस्यसचिवमा पनि नियुक्ति गरिएको मन्त्री खरेलले जानकारी दिनुभयो।रासस

# हिमालका मुद्दाका विषयमा नेपालले नेतृत्वदायी भूमिका खेल्नुपर्छः मन्त्री डा परियार

काठमाण्डु। कृषि तथा पशुपछी विकास मन्त्री डा मदनप्रसाद परियारले हिमाल संरक्षणको मुद्दामा नेपालले विश्व समुदायबीच अग्रणी र नेतृत्त्वदायी भूमिका खेल्न सक्नुपर्ने बताउनुभएको छ।

अन्तरराष्ट्रिय पर्वतीय दिवसका अवसरमा वन तथा वातावरण मन्त्रालयले विहीबार यहाँ आयोजना गरेको कार्यक्रममा जलवायु परिवर्तनका असरबाट नेपाल धेरै प्रभावित मुलुकमध्ये एक भएको बताउँदै उहाँले यसका असरसँग जुध्न सामूहिक प्रयासको आवस्यकता औँल्याउनुभयो।

मन्त्री डा परियारले पर्वतीय क्षेत्रका स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित र पछाडि परेका समुदायले पर्वत र प्रकृति संरक्षणमा खेलेको भूमिका अतुलनीय रहेको बताउनुभयो। "यी समुदायले संरक्षण गरेका प्रकृति स्रोत, साधन र त्यसबाट उत्पादन भएका वातावरणीय सेवाबाट विश्व समुदाय मुख्य गरी तल्लो तटीय क्षेत्रका समुदाय लाभान्वित भएका छन्। तर उपल्लो तटीय क्षेत्रका समुदायले प्रकृति संरक्षणमा गरेको योगदानको कदर हुन सकेको छैन", उहाँले भन्नुभयो।

मन्त्री डा परियारले विश्वव्यापी बढ्दो तापक्रमका कारण हिमनदीहरू पग्लने, हिउँ ताल बन्ने र फुट्ने तथा त्यसको नकारात्मक असर तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने दुई अर्बभन्दा बढी जनसङ्ख्यालाई परेको जानकारी दिनुभयो।

सबैले मिलेर हिमनदीको संरक्षण, जलस्रोतको दिगो उपयोग, पर्वतीय खाद्य प्रणालीको सुदृढीकरण, वैज्ञानिक अनुसन्धानको विस्तार र जलवायु वित्तमा न्यायपूर्ण पहुँचका लागि साझा रूपमा प्रतिबद्ध भएर काम गर्नुपर्नेमा मन्त्री परियारले जोड दिनुभयो।उहाँले नेपाल सरकारले हिमनदी संरक्षण, जलस्रोतको दिगो व्यवस्थापन, जैविक विविधता, कृषि प्रणाली तथा समुदायको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय जलवायु नीति-२०७६, राष्ट्रिय अनुकूलन योजना-२०७९, तेस्रो राष्ट्रिय निर्धारित योगदान-२०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको जानकारी गराउनुभयो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव गोविन्दकुमार कार्कीले कोप-३० मा नेपालले प्रभावकारी रूपमा आफ्ना विषय राख्न सफल भएको बताउनुभयो। साथै उहाँले आगामी दिनमा पर्वतीय संरक्षणका विषयमा थप प्राथमिकताका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो।





वन मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले ब्राजिलको बेलेममा हालै सम्पन्न कोप-३० सम्मेलनमा नेपालका तर्फबाट भएको सहाभागिता र उपलब्धिका बारेमा अवगत गराउँदै पर्वतीय क्षेत्र संरक्षणका लागि मन्त्रालयले गरेका कामका बारेमा जानकारी दिनुभयो। मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले कोप-३० को समिक्षा र उपलब्धिका बारेमा प्रस्तुति गर्दै कोप-३० सम्मेलनमा पर्वतीय मुद्दासम्बन्धी पैरवीमा सफलता प्राप्त भएको बताउनुभयो।

मन्त्रालयका पूर्वसहससचिव डा सिन्धुप्रसाद ढुङ्गानाले नेपालको पर्वतीय उत्थानशील रणनीतिको मस्यौदाका बारेमा जानकारी गराउँदै पर्वतीय विषयमा नेपालले नेतृत्व लिनेगरी काम गर्नुपर्ने बताउनुभयो। मन्त्रालयका उपसचिव दिपा ओलीले नेपालले दुई दशकदेखि पर्वतीय मुद्दा उठाउँदै अन्तरराष्ट्रिय मञ्चमा स्थापित गर्न सफल भएको बताउनुभयो।

कार्यक्रममा युनिसेफका नेपाल प्रतिनिधि एलिस अकङ्गा, यहाँस्थित स्विट्जरल्याण्ड दूतावासका प्रथम सचिव एन्टोनी, एनवाइसीएफका संयोजक आकृती डोटेललगायतले जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेको असर र समाधानका लागि आगामी दिनमा गर्नुपर्ने कामका बारेमा आ-आफ्ना धाराणा व्यक्त गर्नुभएको थियो।रासस

## सहमति भएमा वा प्रतिनिधिले चुनेमा पुनः अध्यक्ष हुन सक्छुः अध्यक्ष ओली



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)लेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा सहमति भएमा वा प्रतिनिधिले चुनेमा आफू पार्टीको अध्यक्षमा पुनः रहनसक्ने बताउनुभएको छ।

प्रेस चौतारी नेपालद्वारा विहीबार आयोजित सम्पादकहरूसँगको संवाद कार्यक्रममा अध्यक्ष ओलीले महाधिवेशनले यथास्थितिमा केही परिवर्तन दिने र नेतृत्वमा क्रमशः पुस्तान्तरण तथा हस्तान्तरण हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले कुनै पूर्वसर्त राखेर आफूले कुनै दबाबमा काम नगर्ने स्पष्ट गर्दै बाहिर प्रस्ताव दिनुभन्दा पार्टीभित्र बसेर सहमतिको पहल गर्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत नेतालाई आग्रह गर्नुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले एमाले लामो इतिहास भएको पार्टीका रूपमा रहेको बताउँदै यो जनचाहना अनुसार चल्ने पार्टी भएकाले यसले देश बनाउने मार्गमा आफूलाई सक्रिय बनाइरहेको उल्लेख गर्नुभयो।

अध्यक्ष ओलीले संसद् पुनःस्थापनालगायत राष्ट्रिय राजनीतिका विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँगको भेटमा संवाद भएको जनाउँदै एमाले संसद् पुनःस्थापनाको पक्षमा रहेको बताउनुभयो। अदालतको फैसलालाई चित्त नबुझे पनि मान्दै आएको सन्दर्भ उल्लेख गर्दै अध्यक्ष ओलीले गत भदौ २३ र २४ गतेको आन्दोलनबारे छानबिन गर्न गठित जाँचबुझ आयोगमा आफूले बयान दिन जानुपर्ने कानुनी व्यवस्था नभएको जिकिर गर्नुभयो। एमालेको महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ।रासस

## पर्वत दिवसमा संयोजक दाहालको शुभकामना

काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले २३औँ विश्व पर्वत दिवसका अवसरमा विहीबार शुभकामना सन्देश जारी गरेर पर्वतहरू प्रकृतिका अमूल्य धरोहर भएकाले तिनको संरक्षण आवश्यक भएकामा जोड दिनुभएको छ।

"पर्वतले जल, वन, जैविक विविधता र लाखौँ मानिसको जीविकोपार्जनलाई आधार प्रदान गर्छन्। तर जलवायु परिवर्तनका कारण हिमशृङ्खलाहरू तीव्र गतिमा पग्लिरहेका छन्, पहाड-पर्वतहरूको पारिस्थितिक प्रणाली असन्तुलित बन्दै गएको छ। यसको प्रत्यक्ष असर नेपालजस्ता अल्पविकसित राष्ट्रहरूमा बाढी, खडेरी, माटो क्षयीकरण र खाद्य असुरक्षाको रूपमा देखा परेको छ", सन्देशमा उहाँले भन्नुभएको छ।

असी प्रतिशतभन्दा बढी भूभाग पर्वतीय रहेको र हिमालयको काखमा अवस्थित हाम्रो देश जलवायु परिवर्तनले सिर्जना गरेका जोखिमहरूको अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै संयोजक दाहालले हिमनदी पग्लनु, नदीहरूको जलप्रवाहमा आएको अस्थिरता र करोडौँ मानिसहरूको जीवन जोखिममा पर्नु, अल्पविकसित राष्ट्रहरूले भोगिरहेको यो पीडा विकसित देशहरूको उच्च कार्बन उत्सर्जनको प्रत्यक्ष परिणाम भएको बताउनुभएको छ।रासस

# 'प्रतिनिधिसभासहित हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण बनाइने'



काठमाण्डु।सरकारर जेनजीबीच आगामी प्रतिनिधिसभासहित हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउने सहमति भएको छ। त्यसका लागि प्राथमिकताका साथ आवश्यक कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिने सहमति भएको छ।

प्रधानमन्त्री सुशीला कार्की र जेनजी सहिद परिवारका तर्फबाट विहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सहमतिमा योग्य नेपाली नागरिक मतदाताका रूपमा नाम दर्ता गर्ने अभियानलाई सहज र प्रभावकारी बनाइनेसमेत उल्लेख छ।

बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गरिने पनि सहमतिपत्रमा उल्लेख छ। संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रूपमा श्रम गर्ने प्रवासी नेपाली नागरिक, पेसा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानुनी तथा संस्थागत पूर्वाधार विकासको प्रक्रिया अगाडि बढाइने पनि सहमति भएको छ।

यस्तै, निर्वाचनमा मनोनयन दर्ता गर्दाकै बखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरणसमेत बुझाउनुपर्नेलगायत राजनीतिक दल र उम्मेदवारको खर्च पारदर्शी बनाउन कानुनमा संशोधन गरिने छ। सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रूपमा मागी सोउपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषीउपर कारबाही गर्न आवश्यक कानुनी प्रबन्ध गरिने पनि सहमति भएको छ। निर्वाचन प्रणाली सुधारका लागि प्रचलित कानुनमा तत्काल संशोधन गरिने, मतपत्रमा 'माथिका कसैलाई मतदान गर्दिनँ' विकल्प राखिने सम्झौतामा उल्लेख छ। राजनीतिक दलभित्र अनिवार्य रूपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्तिमात्र निर्वाचनका लागि उम्मेदवार हुन पाउने कानुनी व्यवस्था गरिने पनि सम्झौता भएको छ।

निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल/उम्मेदवारको क्रमाङ्क गोला प्रथाबाट निर्धारण गरिनेछ। राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्र हुनसक्ने प्रबन्ध गरिने भएको छ। निर्वाचन प्रयोजनका लागि मात्र हुने अस्वस्थ गठबन्धन नियन्त्रणका लागि कानुनी प्रबन्ध गरिने जनाइएको छ।

आगामी निर्वाचनमा 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्न कानुनी प्रबन्ध गरिने सम्झौतामा जनाइएको छ।रासस

# 'महिलाको हक, अधिकार स्थापित गराउन मङ्गलादेवीको महत्वपूर्ण भूमिका'

काठमाण्डु। नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले नेपाली महिलाको हक, अधिकार स्थापित गराउन स्वर्गीय मङ्गलादेवी सिंहको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

प्रजातान्त्रिक आन्दोलनको प्रथम महिला नेत्री मङ्गलादेवी सिंहको १००औँ जन्मजयन्तीका अवसरमा नेपाल महिला सङ्घ काठमाडौँ जिल्ला शाखाले विहीबार मङ्गलादेवी पार्कमा बुद्धनगरमा आयोजना गरेको कार्यक्रममा उहाँले नेपाली महिलाहरूको हक, अधिकारका लागि मङ्गलादेवीको उल्लेख्य योगदान रहेको धारणा राख्नुभयो।

नेता सिंहले महिलालाई मताधिकार हुनुपर्छ भनेर मङ्गलादेवीले आवाज उठाएकाले महिलाहरूले पनि मतदान गर्न पाउने अधिकार पाएको स्मरणसमेत गर्नुभयो। "महिलालाई मताधिकारको प्रयोग गर्न दिनेदेखि पढ्न पाउनुपर्ने माग मङ्गलादेवी कै कारण पूरा भएको हो," उहाँले भन्नुभयो।



नेपालको प्रजातान्त्रिक आन्दोलनका प्रथम महिला नेत्री मङ्गलादेवीको १००औँ जन्मजयन्तीको अवसरमा वर्षभरी विभिन्न कार्यक्रमको आयोजना गरेर मनाउने कार्यक्रम रहेको महिला सङ्घ काठमाडौँकी अध्यक्ष विष्णुदेवी पुडासैनीले जानकारी दिनुभयो।

मङ्गलादेवीको योगदानको बारेमा विशेष गरेर नेपाली महिलाको हक, अधिकार मात्र नभई नेपाली जनताको प्रजातान्त्रिक अधिकार दिलाउने सन्दर्भमा पनि उहाँले गर्नुभएको सङ्घर्षलाई पुनः ताजगी गर्नका लागि विभिन्न कार्यक्रम आयोजना गरिने पुडासैनीले जानकारी दिनुभयो।रासस

# आप्रवासनका कारण एक्लिएका हजुरबा हजुरआमाहरू

**बीबीसी**

काठमाण्डु ।, "हाम्रो घरमा पहिले १३ सदस्य थिए, तर अहिले हामी दुई जना मात्र बाँकी छौं। हामीले हाम्रा नातिनातिनाहरूसँग खेल्ने अनुभूति गुमाइसकेका छौं।"

भारतको पटियालामा बस्ने एक वृद्ध दम्पतीका दुई छोराहरू रोजगारीको खोजीमा बसाइँसराइ गरेर धेरै वर्षदेखि विदेशमा बसिरहेका छन्।पटियाला सहरको शान्त बस्तीमा बस्ने यो वृद्ध दम्पतीले आफ्नो दैनिक जीवन आफैँ सम्हाल्छन्। तर धेरै वर्षदेखि आफ्ना छोराछोरी र नातिनातिनाको अनुपस्थितिको कारणले गर्दा उनीहरूको 'सानो घर धेरै ठूलो र खाली महसुस हुन थालेको छ।"

यी वृद्ध दम्पतीले धेरै वर्षदेखि १८ वर्षदेखि विदेशमा बस्दै आएका छन्।

"छोराछोरीको अभाव महसुस हुन्छ। पहिले हामी उनीहरूको करिअरलाई ध्यानमा राख्दै अभावलाई बेवास्ता गर्थ्यौं। तर अब, उमेर बढ्दै जाँदा, बच्चाहरूको अभाव हामीलाई झन् धेरै महसुस हुन्छ।"

पहिले आफू संयुक्त परिवारमा बस्ने गरेको उनी बताउँछन्। तर अब परिवारका धेरै सदस्यहरू यस संसारमा छैनन् र धेरैजसो रोजगारी र बसाइँसराइका कारण विभिन्न ठाउँमा छरिएका छन्।बुढापाकाहरू भन्छन्, "हाम्रो घरमा पहिले १३ जना सदस्य थिए, तर अहिले हामी दुई जना मात्र बाँकी छौं।""यदि बसाइँसराइको प्रवृत्ति नभएको भए, हाम्रा बच्चाहरू हामीसँगै हुने थिए," ६५ बर्सिया आमाले भनिन्। दोआबाका समुदायको सहयोगमा पलाही गाउँमा तीनवटा निजी विद्यालय, एउटा आईटीआई र एउटा सामुदायिक पोलिटेक्निक कलेज स्थापना गरिएको छायी शैक्षिक संस्थाहरू श्री गुरु हरगोविन्द शिक्षा परिषद् पलाहीद्वारा व्यवस्थित छन्। यस परिषद् अन्तर्गत सञ्चालित शैक्षिक संस्थाहरूको शुल्क धेरै कम छ।

जतिन्दरपाल सिंह भन्छन्, "पूरै गाउँमा भूमिगत ढल छ। सडकहरू पनि कालोपत्रे गरिएका छन्। गाउँमा खेलकुद रङ्गशाला र पार्कहरू पनि निर्माण गरिएका छन्।" पलाहीमा हुर्केका आप्रवासी पञ्जाबीहरूले गाउँलाई नमुना गाउँको रूपमा विकास गरेर उदाहरण प्रस्तुत गरेका थिए। तर अब यहाँबाट बसाइँसराइको अर्को पक्ष पनि नातिनातिनाहरूले एक दिन उनीहरूसँग खेल्छन् भन्ने आशामा उनीहरू हरेक दिन खेलौना सफा गर्छन्।

७० बर्सिया वृद्धा भन्छिन्, "हाम्रा छोराछोरीहरूको विवाह भएपछि बुहारीहरूसँग कसरी बस्ने, नातिनातिनाहरूसँग कसरी खेल्ने र उनीहरू कसरी हुर्किन्छन् हेर्ने भन्ने कुराबाट हामी वञ्चित थियौं। चाडपर्वका बेला हामीलाई हाम्रा छोराछोरीहरूको धेरै याद आउँछ।" उनी भन्छिन्, "जब म साथीहरूको घरमा जान्छु उनीहरूका नातिनातिनाहरू अगाडि हिँड्छन्। बुहारीहरू पूजामा सामेल हुन्छन्। तर मेरो घरमा पाहुनाहरू आउँदा म आफैँले सत्कार गर्नुपर्छ। म सोच्छु मेरी बुहारी पनि मसँगै भएकी भए।"

"जब म अरू कसैको नातिलाई मसँग खेलिरहेको देख्छु, मेरो नाति मसँगै भए त उसको औँला समातेर गुरुद्वारा लैजान सक्थेँ। म उसलाई खेलाउन लैजान्थेँ। म मेरी बुहारीसँग नातिको खाजाको डिब्बा तयार गर्थें।" लुधियानास्थित अर्थशास्त्र र समाजशास्त्र विभागबाट सेवा निवृत्त भएका प्राध्यापक सुखदेव सिंहले भने, "वृद्ध आमाबुवाको मानसिक र शारीरिक स्वास्थ्यमा एकान्तपनको असर एकदमै नराम्रो पर्छ। आप्रवासनका कारण परिवारको व्याख्या बदलिएको छ। बालबालिका र आमाबुवा साना परिवारहरूमा बस्ने गर्थे। अहिले एकल आमाबुवाको छुट्टै परिवार भएको छ। बच्चाहरूको छुट्टै परिवार भएको हुन्छ।"



पञ्जाब विश्वविद्यालय, पटियालाको समाजशास्त्र विभागबाट सेवा निवृत्त प्राध्यापक हरविन्दर भाटी आप्रवासनको पछाडि दुई कारणहरू रहेको बताउँछन्ः 'पुल फ्याक्टर' र 'पुश फ्याक्टर'। अर्थात् तान्ने र धकेल्ने।

उनले भने, "प्रवासी पञ्जाबीहरूको सफलताका कथाहरू र विदेश जाने सपनाहरू सूचनाको माध्यमबाट पञ्जाबका युवाहरूसम्म पुगिरहेका छन्। यी सपना र कथाहरूमा धेरैको आकर्षण छ। उनीहरूलाई लाग्छ कि उनीहरू विदेशमा मात्र सफल हुन सक्छन्।"

एकान्तमा बस्न बाध्य भएको बताएका छन्। श्रीमान्–श्रीमती दुवै एकै बोलीमा भन्छन्, "चिन्ता, तनाव, उदासी, पर्खाइ र आशा अब हाम्रो दैनिक जीवनको हिस्सा बनेका छन्।" समाजशास्त्रीहरू वृद्ध आमाबाबुको यस्तो परिस्थिति 'पञ्जाबमा बसाइँसराइको लामो समयदेखि चलिरहेको प्रवृत्तिको एउटा पक्ष' भएको बताउँछन्।

यसबाहेक सुनसान सडकहरू, त्यागिएका घरहरू, र एनआरआईहरूले आफ्ना घर र फ्ल्याटहरू बेच्ने प्रवृत्तिले पञ्जाबमा बसाइँसराइको अर्को महत्त्वपूर्ण प्रभाव देखाएको छ। पटियालाका एक वृद्ध दम्पतीका दुई छोराहरू छन् जो विगत केही दशकदेखि विदेशमा बस्दै आएका छन्। हामी यहाँ उनीहरूको पहिचान खुलाउने छैनौँ।

ती दम्पती आफ्ना लागि 'हरेक तेस्रो दिनमा भिडिओ कल र वर्षौंपछि पञ्जाब भ्रमणको प्रतीक्षा नै बाँच्ने एक मात्र माध्यम' भएको बताउँछन्।

७५ वर्षीय बुबाले आफ्ना दुई छोरामध्ये जेठो छोरा २७ वर्षदेखि विदेशमा बस्दै आएको र अर्को छोरा १८ वर्षदेखि उनीबाट टाढा रहेको बताए।उनीहरूलाई 'जेठो छोरा अन्तिम पटक कहिले घर आएको थियो भन्ने पनि याद छैन'। कान्छो छोरा भने १० वर्षअघि घर आएको थियो। "आप्रवासनले मेरा छोराहरूलाई मबाट टाढा लग्यो," उनी भन्छन्। जेठो छोरा २७ वर्षदेखि र कान्छो धेरै गाउँहरू एनआरआई गाउँको रूपमा चर्चित छन्। कपुरथला जिल्लाको पलाही पनि त्यस्तै गाउँहरू मध्येको एक हो। कुनै समय त्यहाँ बसाइँ सरेका पञ्जाबीहरूले आफ्नो कडा परिश्रमले यस गाउँको अनुहार परिवर्तन गरेका थिए।

तर गाउँलेहरूका अनुसार अहिले प्रवासी पञ्जाबीहरूले आफ्नो जग्गा, सम्पत्ति र घर बेचेर गाउँबाट स्थायी रूपमा टाढा सर्न थालेका छन्।यस गाउँका मानिसहरूका अनुसार सन् १९५० को दशकभन्दा पहिले पनि त्यहाँका बासिन्दाहरू विदेश गएका उदाहरणहरू छन्।गाउँका प्रधानपञ्च बलविन्दर कौरका अनुसार गाउँका लगभग ७५ प्रतिशत बासिन्दा विदेशमा बस्छन्। गाउँको लगभग हरेक घरमा कम्तीमा एक वा दुई जना आप्रवासी सदस्यहरू छन्।

उनी भन्छन्, "यहीं भएकाहरू पनि विदेश जान चाहन्छन्। गाउँका धेरै घरहरू खाली महसुस हुन थालेका छन्। भारतीय आप्रवासीहरू धेरै भाडाका घरहरूमा बस्छन्।"गाउँका बासिन्दा तथा श्री गुरु हरगोविन्द शिक्षा परिषद्का अध्यक्ष जतिन्दरपाल सिंह गाउँका रैथानेहरूको सङ्ख्या घटे पनि गाउँमा उत्तर प्रदेश र बिहारबाट आएका आप्रवासीहरूको सङ्ख्या बढेको छ। स्थानीयहरूका अनुसार विदेशमा सफलता हासिल गरेपछि यहाँका बासिन्दाहरूले गाउँको विकास गर्न र यसलाई नमुना गाउँ बनाउन धेरै प्रयास गरे। एनआरआई देखिन थालेको छ। आप्रवासी पञ्जाबीहरूले अब आफ्नो सम्पत्ति बेचेर गाउँ सधैँको लागि छोड्न थालेका छन्।

जतिन्दरपालले पहिले विदेशबाट गाउँ वा पञ्जाबमा पुँजी आउने गरेको बताए। गैरआवासीय पञ्जाबीहरूले विदेशमा पैसा कमाएर पञ्जाबमा सम्पत्ति निर्माण गर्थे। अब एनआरआईहरूले आफ्नो जग्गा र सम्पत्ति बेचेर आफूसँगै पुँजी विदेश लैजाँदै छन् भनेर उनी चिन्ता व्यक्त गर्छन्।शैक्षिक संस्था र परिषद्सँग सम्बन्धित अधिकांश वृद्ध एनआरआईहरू अब यो संसारमा छैनन्। उनीहरूको अर्को पुस्ताले अब गाउँमा रहेको आफ्नो सम्पत्ति बेचेर आफ्नो पुँजी विदेश लैजाँदै छ।

"नयाँ पुस्ता जो अहिले विदेश गएका छन्। उनीहरू विदेशमा सङ्घर्ष गरिरहेका छन्। उनीहरूसँग पछाडि फर्केर हेर्ने समय छैन।" दोआबाका मानिसहरूको पीडासँगै माल्वामा बसाइँसराइका कारण भएको मानवीय भावनात्मक पीडा फरक र गहिरो रूपमा प्रतिबिम्बित हुन्छ।

पटियालाका एक वृद्ध दम्पती उनीहरूका दुवै छोराको विवाह भइसकेको र अहिले उनीहरूको जेठो नाति घर छोड्दा जेठो छोरा जति उमेरको थियो त्यत्रै भइसकेको बताउँछन्।उनीहरूले आफ्ना नातिनातिनाहरूका लागि खेलौना किनेर घरमा राखेका छन्। आफ्नो जेठो नाति अब खेलौनाहरूसँग खेल्ने उमेरको नभए पनि

"दोस्रो, यहाँ सफलतापछि पनि जीवन स्थिर छैन। त्यसैले यहाँ सफल हुनेहरू पनि विदेश सरिरहेका छन्।" भाटीका अनुसार, "समाज केवल युवाहरू रहँदा रहन्छ। त्यसैले हाम्रो समाज पनि युवाहरूसँगै बसाइँ सरेको छ। यस्तो अवस्थामा एउटा शून्यता सिर्जना भएको छ। यो शून्यतालाई कसैले न कसैले अवश्य भर्ने छ। यूपी र बिहारबाट पञ्जाबमा बसाइँसराइ यही शून्यताको परिणाम हो।"

उनी भन्छन्, "हामी हाम्रा उत्कृष्ट मानव संसाधनहरू विदेश पठाइरहेका छौँ। पञ्जाबमा बस्ने र विदेश जान इच्छुक युवाहरू दुई संसारमा बस्छन्। उनीहरू आफ्नो देश र विदेशको तुलना गरिरहन्छन्। उनीहरूलाई लाग्छ कि विदेशमा सबै कुरा ठिक छ र यहाँ सबै कुरा गलत छ। तर त्यस्तो होइन।"बसाइँसराइको पीडाको वर्णन गर्दै भाटी आफ्नो तर्क यसरी टुङ्ग्याउँछन्, "पहिले मानिसहरूले विदेशीलाई मीठो जेल भन्थे। तर त्यो जेल पनि तीतो भएको छ।"

# लुम्बिनी पुग्यो फाइनलमा, सुदूरपश्चिमसँग उपाधि भिडन्त



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधिका लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुने भएको छ।

बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको दोस्रो क्वालिफायरमा विराटनगर किंग्सलाई ४० रनले पराजित गर्दै लुम्बिनीले सुदूरपश्चिमसँग उपाधि भिडन्त पक्का गरेको हो। उपाधि भिडन्त पर्सी शनिबार साढे तीन बजे हुनेछ। गत सिजन सुदूरपश्चिम उपविजेता बनेको थियो भने लुम्बिनी अंक तालिकाको पुछारमा रहेको थियो। बिहीबार दोस्रो क्वालिफायरमा लुम्बिनीले दिएको १३५ रनको सामान्य लक्ष्य पछ्याएको विराटनगर १७.५ ओभरमा ९४ रनमा अलआउट हुन पुग्यो।

सामान्य लक्ष्य भए पनि विराटनगरले खराब सुरूवात गर्‍यो। उसले ६ बलको अन्तरमा सुरुवाती तीन ब्याटरलाई गुमायो।लुम्बिनीका रुबेन ट्रम्पलम्यानले पहिलो ओभरको पाँचौ बलमा मार्टिन गप्टिललाई २ रनमा जेजे स्मिटबाट क्याच गराए। अन्तिम बलमा लोशेक बम बोल्ड भए। जसका कारण लुम्बिनीले उत्कृष्ट सुरुवात गर्दै विराटनगरलाई पहिलो ओभरदेखि नै दबाबमा राख्यो। दोस्रो ओभरको तेस्रो बलमा पाफ डु प्लेसिस (३ रन) मा शेर मल्लबाट बोल्ड हुँदा फेरि अर्को खेलमा विराटनगरको टप अर्डर कोल्याप्स्ड भयो। यसअघि पहिलो क्वालिफायरमा सुदुरपश्चिमविरूद्ध पनि विराटनगरको टप अर्डर कोल्याप्स्ड भएको थियो।

विराटनगरले सातौं ओभरमा चौथो विकेट गुमायो। शंकर राना (७ रन) लाई तिलकराज भण्डारीले बोल्ड गरिदिए। त्यतिबेला विराटनगरले ३० रन जोडेको थियो।त्यसपछि साम हिजलेट र मर्स्याङ डी लाङले पाँचौ विकेटका लागि २८ रनको साझेदारी गरे। तर हिजलेट एघारौं ओभरको अन्तिम बलमा जेजे स्मिटको बलमा दुर्गेश गुप्ताबाट समातिदा विराटनगर संकटमा पर्‍यो। हिजलेटले ३४ रन जोड्ने क्रममा २८ बलमा खेलेर २ चौका र २ छक्का प्रहार गरे।

दुई ओभरपछि बसिर अहमद पनि आउट हुन पुगे। उनी ३ रनमा तिलककै बलमा ट्रम्पलम्यानबाट क्याच भए। फेरि पनि विराटनगरले विकेट गुमायो। सन्दीप लामिछाने १३औं औभरमा ३ रन बनाउँदा अभिषेश गौतमको बलमा सन्दीप जोराबाट क्याच भएका थिए।

मर्स्याङ डि लाङ १५औं ओभरमा १७ रन बनाएर आउट भएपछि विराटनगरको आशा सकियो। २० बलमा १ चौका प्रहार गरेका उनलाई अभिषेशले विकेट पछाडि निरोशन डिक्वेलाबाट क्याच गराए। प्रतिश जिसी पनि नवौं विकेटको रुपमा २ रनमा आउट हुँदा लुम्बिनी जित नजिक पुग्यो। प्रतिशलाई तिलकले डार्शी सर्टबाट १५.४ ओभरमा आउट गरे। अन्तिम विकेटको रुपमा नरेन भट्ट २१ रनमा आउट भए। उनलाई जेजे स्मिटले ट्रम्पलम्यानबाट क्याच गराए।बलिङमा लुम्बिनीका तिलक भण्डारीले ३ विकेट लिए। उनले १५ रन खर्चिए। स्मिट, अभिषेश र ट्रम्पलम्यानको नाममा २-२ विकेट रह्यो। शेर मल्लले एउटा महत्वपूर्ण विकेट लिए। टस जितेको विराटनगरले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको लुम्बिनीले ८ विकेटको क्षतिमा १३४ रन बनायो।

लुम्बिनीका लागि ओपनर डार्शी शर्टले ४५ रन र कप्तान रोहितकुमार पौडेलले ३४ रनको योगदान गरे।ओपनर दिनेश अधिकारी १ रनमा आउट भएपछि शर्ट र रोहितबीच दोस्रो विकेटका लागि ६९ रनको साझेदारी भएको थियो। रोहित १२औं ओभरमा विराटनगरका सुवास भण्डारीबाट बोल्ड भएका थिए। त्यसपछि लुम्बिनीले लगातार विकेट गुमाएको थियो। शर्टले ४५ रन जोड्ने क्रममा ४१ बलमा ३ चौका र १ छक्का प्रहार गरे। १४औं ओभरमा डार्शीसहित रोहित र दिनेश गरी शीर्ष तीन ब्याटरको विकेट विराटनगरका सुवास भण्डारीले लिए।लुम्बिनीका सन्दीप जोरा र जेजे स्मिट डक आउट भए। जोरालाई कप्तान सन्दीप र स्मितलाई प्रतिश जिसीले क्याच गराए।

त्यसपछि दिलिप नाथ १ रनमा आउट भए भने निशोसन डिक्वेलाले २९ रन जोड्न सके। सन्दीपबाट १८औं ओभरको पाँचौ बलमा क्याच भएका डिक्वेलाले २२ बलमा ४ चौका प्रहार गरे। अन्तिम ओभरको पाँचौ बलमा शेर मल्ललाई ७ रनमा प्रतिश जिसीले क्याच गराए। रुबेल ट्रम्पलम्यानले नटआउट ११ रन जोडे।बलिङमा विराटनगरका सुवास भण्डारीले ३ विकेट लिँदा ४ ओभरमा १४ रन मात्र दिए। प्रतिश जिसीको नाममा पनि ३ विकेट रह्यो। उनले ४ ओभरमा २७ खर्चिए। कप्तान सन्दीप लामिछानेले २ विकेट लिने क्रममा ४ ओभरमा १८ रन खर्चिए।

खेलका लागि विराटनगरमा दुई परिवर्तन गरेको थियो। नारायण जोशी र सूर्य तामाङको स्थान सुवास भण्डारी र शंकर रानाले खेलोपहिलो क्वालिफायरमा सुदूरपश्चिम रोयल्ससँग ७७ रनले पराजित भएपछि विराटनगरले दोस्रो क्वालिफायर खेल्ने पाएको थियो। लुम्बिनीले भने इलिमिनेटरमा काठमान्डु गोर्खाजलाई ४ विकेटले हराएर दोस्रो क्वालिफायरमा पुगेको थियो। लुम्बिनीले इलिमिनेटरमा बुधबार काठमान्डु गोर्खाजलाई ४ विकेटले हराएर दोस्रो क्वालिफायरमा पुगेको हो।

# १० लाख डलर तिर्दा अमेरिकामा स्थायी बसोबासको अनुमति दिने 'ट्रम्प गोल्ड कार्ड' सुरु

**बीबीसी**

काठमाण्डु । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले कम्तीमा १० लाख अमेरिकी डलर तिर्ने विदेशीहरूलाई लक्षित गर्दै द्रुत गतिमा अमेरिकाको विशेष भिसा दिने योजना सुरु गरेका छन्।




ट्रम्पले अमेरिका आप्रवासन गर्न चाहने धनाढ्य विदेशीहरूका लागि यस्तो विशेष भिसाको व्यवस्था यो वर्षको आरम्भतिर घोषणा गरेका थिए। यसलाइ 'ट्रम्प गोल्ड कार्ड' भनिएको छ।ट्रम्पले बुधवार सामाजिक सञ्जालमा लेख्दै यो कार्ड किन्ने सबै "योग्य र जाँच गरिएका" व्यक्तिहरूले अमेरिकी नागरिकताका लागि "सोझै बाटो" पाउने जनाएका छन्। उनका अनुसार यो योजनाले अमेरिकी कम्पनीहरूलाई आफूसँग भएका 'मूल्यवान् र प्रतिभाशाली' व्यक्तिहरूलाई आफूसँगै राख्न दिने छ। यो योजनाको वेबसाइटका अनुसार आफूले अमेरिकालाई "उल्लेख्य लाभ" पुर्‍याउन सक्छु भन्ने देखाउन सक्ने आवेदकहरूलाई यो भिसा प्रदान गरिन्छ।

गोल्ड कार्ड योजनाले "छोटो समयमै" अमेरिकामा स्थायी बसोबासको अनुमति सुनिश्चित गर्छ। तर आवेदकले त्यसका लागि १० लाख डलर शुल्क तिर्नुपर्छ। उक्त वेबसाइटले त्यो शुल्कलाई उक्त व्यक्तिले अमेरिकालाई धेरै लाभ पुर्‍याउन सक्छ भन्ने "प्रमाण" मानेको छ। आफ्ना कर्मचारीहरूलाई प्रायोजन गर्ने व्यापार व्यवसायहरूले २० लाख डलर र अतिरिक्त शुल्क तिर्नुपर्छ। यो योजनाअन्तर्गत 'प्ल्याटिनम कार्ड' पनि चाँडै उपलब्ध हुने बताइएको छ।

पचास लाख डलर तिरेर उक्त कार्ड लिने व्यक्तिले विशेष कर छुट पाउने वेबसाइटमा उल्लेख गरिएको छ।आवेदकहरूले आफ्नो परिस्थितिका आधारमा अतिरिक्त शुल्क तिर्नुपर्ने हुन सक्छ। आफ्नो आवेदनको समीक्षा हुनुअघि सुरुमा उनीहरूले 'प्रशोधन शुल्क'का रूपमा १५,००० डलर तिर्नुपर्छ। उक्त शुल्क फिर्ता हुँदैन। गत फेब्रुअरीमा यो योजना घोषणा गर्दा ट्रम्पले गोल्ड कार्ड भिसा ग्रीन कार्डजस्तै हुने र त्यसले भिन्नाभिन्नै आयस्तर भएका आप्रवासीहरूलाई अमेरिकामा स्थायी रूपमा बस्न र काम गर्न अनुमति दिने बताएका थिए।

ग्रीन कार्ड भएका विदेशीहरू सामान्यतया पाँच वर्षमा अमेरिकाको नागरिकता लिन योग्य हुन्छन्।अमेरिकाले "उत्पादनशील मानिसहरू" खोजेको भन्दै ट्रम्पले गोल्ड कार्ड विशेष गरी "उच्च तहका" पेसाकर्मीहरूप्रति लक्षित भएको स्पष्ट पारेका छन्।"पचास लाख डलर तिर्न सक्ने मानिसहरूले रोजगारी सिर्जना गर्ने छन्," ट्रम्पले भने। "तँछाडमछाड हुँदै यो बिक्ने छ। यो फाइदा हुने लेनदेन हो।" घोषणा भएदेखि नै गोल्ड कार्ड योजनाको आलोचना हुँदै आएको छ। केही डेमोक्र्याट नेताहरूले यो योजनाबाट धनी व्यक्तिहरू मात्र लाभान्वित हुने औँल्याएका छन्।

ट्रम्प प्रशासनले आप्रवासीहरूलाई देशनिकाला गर्न ठूलो साधनस्रोत खर्च गरिरहेकै बेला धनी विदेशीहरूका लागि यो योजना सुरु भएको छ।अमेरिकाले विभिन्न १९ देशका नागरिकहरूले आप्रवासन अनुमति खोज्दै गरेका भिसा आवेदनहरू मुल्तबीमा राखेको छ। तीमध्ये अधिकांश देशहरू ट्रम्पले यात्राका लागि प्रतिबन्ध लगाएका अफ्रिका र मध्यपूर्वका राष्ट्र छन्। सरकारले अमेरिकामा शरण खोज्ने विदेशहरूले दिएका आवेदनमा तत्काल कुनै निर्णय नगर्ने र राष्ट्रपति जो बाइडनका पालामा अनुमति पाएका हजारौं व्यक्तिहरूबारे फेरि समीक्षा हुने जनाएको छ।

दक्ष विदेशी कामदारहरूलाई अमेरिकाले दिँदै आएको एच-१बी भिसाका लागि आवेदकहरूले एक लाख डलर शुल्क बुझाउनुपर्ने निर्णयमा ट्रम्पले सेप्टेम्बर महिनामा हस्ताक्षर गरेका थिए।उक्त निर्णयले अमेरिकामा भएका विदेशी विद्यार्थी र प्रविधि कम्पनीहरूलाई ठूलो चिन्तामा पारिदियो। पछि ह्वाइट हाउसले उक्त शुल्क विदेशमा भएका नयाँ आवेदकहरूका लागि भएको स्पष्टीकरण दिए।

# तेल ट्याङ्कर अमेरिकाले कब्जा गरेपछि भेनेजुएलाद्वारा 'डकैती'को आरोप

**बीबीसी**

काठमाण्डु । अमेरिकाको सैन्य फौजले भेनेजुएलाको तटपारि एक विशाल तेल ट्याङ्कर कब्जा गरेपछि केही महिनादेखि तनावग्रस्त रहँदै आएको दुई देशको सम्बन्ध थप बिग्रिएको छ।अमेरिकाकी महान्यायाधिवक्ता प्याम बन्डीले उक्त पानीजहाज विदेशी आतङ्ककारी सङ्गठनहरूलाई सघाउन भेनेजुएला र इरानबीच तेल आपूर्ति जस्तो 'अवैध शिपिङ सञ्जाल'मा सामेल भएको आरोप लगाएकी छन्।



तर भेनेजुएलाका अधिकारीहरूले उक्त कब्जालाई 'अन्तर्राष्ट्रिय डकैतीको कार्य' भनेका छन्। अमेरिकाले केही समययता भेनेजुएला वरपरको क्यारेबिअन क्षेत्रमा आफ्नो सैन्य गतिविधि बढाउँदै लगेको थियो।सो क्षेत्रमा उसले 'अपरेशन सदर्न स्पेअर' नामक कारबाहीअन्तर्गत लागु औषध तस्करीमा संलग्न भएका भनिएका डुङ्गा तथा जहाजहरूमाथि निरन्तर प्रहार गर्दै आएको छ। राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकाभित्र लागुऔषध तस्करी गरेर अमेरिकीहरूलाई मार्ने उद्देश्यले गरिने गतिविधि रोक्ने आफ्नो उद्देश्य भएको बताएका छन्।सेप्टेम्बरयता अमेरिकी सेनाले गरेका त्यस्ता प्रहारहरूले २३ वटा जहाज निसानामा परेका छन् भने ८४ जनाको ज्यान गएको छ।

बुधवार अमेरिकी फौजले भेनेजुएलाली ट्याङ्कर कब्जा गर्नुलाई तनाव थप चर्किएको सङ्केत मानिएको छ। ट्रम्पले त्यस्ता थप कारबाही गर्न लागेको बीबीसीको अमेरिकी सञ्चार साझेदार सीबीएस न्यूजले विवरण दिएको छ। पछिल्ला कारवाहीबारे भेनेजुएलाको सरकारले कडा प्रतिक्रिया जनाएको छ।एक वक्तव्य जारी गर्दै उसले भेनेजुएलाविरुद्ध अवलम्बन गरिएको 'आक्रामक नीति' उक्त देशको 'ऊर्जा स्रोत लुट्ने नियोजित योजना'को अङ्ग भएको जनाएको छ।भेनेजुएलाका आन्तरिक मामिला मन्त्री डिओस्डाडो काबेयोले अमेरिकालाई "हत्यारा, चोर, डाँका" भनेका छन्। ह्वाइट हाउसको रुजभेल्ट रुममा बोल्दै राष्ट्रपति डोनल्ड ट्रम्पले भेनेजुएलाली ट्याङ्कर कब्जा गरिएको जानकारी दिएका थिए।

"हामीले भर्खरै भेनेजुएलाको तटमा एउटा ट्याङ्कर कब्जा गरेका छौं। ठूलो ट्याङ्कर...खासमा हालसम्मकै कब्जा गरिएको ठूलो ट्याङ्कर," उनले पत्रकारहरूलाई भने। उनले थप विवरण दिएनन्।ट्रम्प लामो समयदेखि भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोका कटु आलोचक रहँदै आएका छन्। यो वर्षको सुरुमा फक्स न्यूजलाई दिएको अन्तर्वार्तामा उनले मदुरोलाई 'खराब निरङ्कुश शासक' भनेका थिए।के मदुरोलाई सत्ताबाट हट्ने माग हो भनेर ट्रम्पलाई सोधिएको एक प्रश्नमा उनले भनेका थिएः "हामी त्यो नीतिमा काम गर्ने छौं।"

महिनौंदेखि अमेरिकाले क्यारेबिअन सागरमा सैन्य शक्ति एकत्रित गरिरहेको छ। उसका युद्धपोत, लडाकू विमान, बमवर्षक, ड्रोन तथा जासुसी विमान त्यहाँ खटाइएका छन्।अमेरिकाले क्यारेबिअन तथा पूर्वी प्रशान्त क्षेत्रमा केही महिनादेखि लागुऔषध ओसारपसारमा संलग्न भनिएका डुङ्गाहरूमा हवाई हमला गरिरहेको छ।ट्रम्पले मदुरोलाई लागुऔषध तस्कर सङ्गठनका नाइके भनेका छन् र अमेरिकी गुप्तचर संस्था सीआईएलाई भेनेजुएलामा खुफिया कारबाहीको निर्देशन पनि दिएका छन्। मदुरोले आफूलाई लागुऔषध सङ्गठनको नाइके भनिएको आरोपको खण्डन गर्दै आएका छन्।

# पुस १ गतेदेखि बाघ गणना गरिँदै



चितवन । अगामी पुस १ गतेदेखि बाघ गणनाको काम थालिने भएको छ। चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा 'ब्लक' बनाएर गणना गर्न लागिएको हो । यसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि बाघ गणना गरिँदै छ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार-चार वर्षमा बाघ गणना गरिँदै आएको छ। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार पुस १ र २ गते गणनामा सहभागीलाई तालिम दिइदै छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंम सेवी, विद्यार्थी र संरक्षणका साझेदार तालिममा सहभागी हुँदैछन् । करिब एक सय ५० जना तालिम लिएर गणनामा खटिने उहाँले बताउनुभयो।

पुस ३ गते तालिम लिएका गणनाका लागि कार्यक्षेत्रमा परिचालन हुनेछन्। मगरका अनुसार दुई निकुञ्जमा नौ सय ग्रिड बनाइएको छ। यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने छ। गणनाका क्रममा दुई निकुञ्जलाई तीन भागमा बाँडेर गणना गरिने छ। हरेक भागमा २० दिन क्यामेरा राखिने छ। एक भागमा ३०० ग्रिड हुनेछन्। एउटा ग्रिडमा २० दिन एउटा क्यामेरा राखिने छ । ग्रिडहरुकोबीच भागपर्ने ठाउँमा गणना गर्ने प्राविधिक क्याम्प खडा गरेर बस्ने छन्।

उनीहरुले भूगोल अनुसार आठदेखि बाह्र सम्मको ग्रिडमा राखिएको क्यामेरा दैनिक अनुगमन गर्ने उहाँले जानकारी दिनुभयो । ग्रिडबाट क्यामेरा निकालेपछि अध्ययन थालिने छ । बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ। बाघको फोटो हेरेर तिनीहरुको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उहाँले जानकारी दिनुभयो। हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन् । पहिलो कम्प्लेक्स यो हो भने दोस्रो कम्प्लेक्स बाँके र बर्दीया राष्ट्रिय निकुञ्जलाई बनाइएको छ। त्यहाँभित्र पनि तीन वटा ब्लक हुने छन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुने छ। यो एउटै ब्लक बनाइने छ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा एक सय २८, बर्दिया निकुञ्जमा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो। बाघ गणना सम्पन्न भएपछि गैँडा गणना गर्ने तयारी छ। गतवर्ष गैँडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो।

हरेक चार/चारवर्षमा गैँडा गणना गरिँदै आएको थियो। गतवर्ष गर्न नसकिएको गैँडा गणना यसवर्ष फरक विधिबाट गर्ने तयारी निकुञ्ज विभागको रहेको छ।रासस


# बास्कुना 'एफएम भिलेज'मा रुपान्तरण

म्याग्दी। बेनी नगरपालिका-४ बास्कुना 'एफएम भिलेज' 'फ्रुट' (फलफूल) र ' मिल्क' दूध गाउँमा रुपान्तरण भएको छ । करिब १६ घरपरिवारको बसोबास रहेको बास्कुनाका बासिन्दाले पूरै गाउँमा सुन्तलाखेती र गाईभैंसीपालन गरेर फलफूल र दूधलाई आम्दानीको मुख्य स्रोत बनाएका हुन्।

झण्डै २० वर्षअघि अगुवा किसान तिलक गुरुङले बास्कुनालाई 'एफएम भिलेज' बनाउने परिकल्पना गर्नुभएको थियो । "धान फल्ने खेतबारी मासेर काँडाको रुख रोप्न थालेको भनेर सुरु सुरुमा धैरैले विश्वास गरेनन्, म आफैले सुन्तला र दूध बेचेर आम्दानी गर्न थालेपछि बल्ल साथ पाए", उहाँले भन्नुभयो, "पूरै गाउँ सुन्तलाखेती र दूध उत्पादनमा आवद्ध भएपछि बास्कुनालाई एफएम भिलेज बनाउने मेरो सपना पूरा भएको छ।" तीन सय ५० बोटमा गतवर्ष रु १४ लाखको सुन्तला बिक्री गरेका केञ्जन बहुउद्देश्यीय कृषि फार्मका सञ्चालक गुरुङले दैनिक ९० लिटर दूध बिक्री गर्नुहुन्छ।

यसवर्ष सुन्तला बिक्रीबाट गाउँमा रु दुई करोड भित्र्ने बास्कुना कृषि सहकारी संस्थाका सञ्चालकसमेत रहेका किसान गुरुङको अनुमान छ । धादिङबाट आएका व्यापारीले बगैँचा नै ठेक्का लिएर प्रतिकिलो रु ८० का दरले बेनी, पोखरा, काठमाडौँमा बास्कुनाका सुन्तला टिपेर लैजाने गरेका छन् । बास्कुना कृषि सहकारी संस्थामार्फत प्रति दिन ५०० देखि एक हजार लिटर दूध पोखराको सुजल डेरीमा बिक्री हुने गरेको छ।

यसअघि बेनीमा दूध बेच्दै आएका यहाँका किसानले गत असोजदेखि सिङ्गामा सङ्कलन केन्द्र स्थापना गरेर पोखरामा बिक्री गर्न थालेका हुन् । बास्कुना, सुर्केमेला र थामडाँडाका ४० घरधुरीले आठ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरेका छन्। करिब ५० हजार उत्पादन दिने सुन्तलाका बोट छन् । पूर्व फर्किएको बास्कुना गाउँभरि सुन्तलाखेती छ । लटरम्म फलेका सुन्तलाले गाउँ रङ्गिएको छ। सुन्तला बगैँचा अवलोकनका लागि किसान समूह र पाहुना बास्कुना पुग्छन्।



खेतबारीमा धान, मकै र कोदोबाली रोप्न छाडेर सुन्तलाखेती गरेका किसानको जीवनस्तरमा परिवर्तन आएको छ। किसान मेककुमारी र टेकबहादुर खत्री दम्पत्तीले यसपाली रु १० लाख मूल्य बराबरको सुन्तला बिक्री गर्नुभयो। गतवर्ष नौ लाखको सुन्तला बेचेका खत्रीले यसपाली उत्पादन दिने बोट थपिएकाले उत्पादन र आम्दानी बढेको बताउनुभयो।

सुन बचेर सुन्तलाखेती गरेकी ७० वर्षीय तीलकुमारी हुमेनको परिवारको जीवनस्तर अहिले सुन्तलाखेतीबाटै फेरिएको छ। "सुन बेचेर सुन्तला लगाएको थिएँ, सुन्तलाले सुनै फलाए जस्तो भयो मलाई, सुन्तलाकै आम्दानीले बेचेको सुन पनि फर्काएँ", उहाँले भन्नुभयो, "यसैको आम्दानीबाट घरखर्च सहजै चलेको छ ।" उहाँ र दुई छोराको सुन्तला बगैँचामा अहिले करिब चार सयबढी बोट छन् । वार्षिक रु १५ लाख मूल्य बराबरको सुन्तला बिक्री हुने हुमेनले बताउनुभयो।

सुन्तला बिक्री गरेर एकजना किसानले रु एक लाखदेखि १५ लाखसम्म आम्दानी गरेका छन् । बास्कुनाको सुन्तला अन्य ठाउँको भन्दा रसिलो, गुलियो र स्वादिलो हुने सुन्तला व्यापारी कान्छा तामाङले बताउनुभयो । मूल्यमा एकरुपता कायम गर्न, किसानको सहजता र सस्तोमा सुन्तला बेच्नुपर्ने समस्या हटाउनका लागि वडाका जनप्रतिनिधि तथा किसान समूहले सुन्तलाको न्यूनतम मूल्य कायम गरिएको बेनी-४ का वडासदस्य सन्दीप खत्रीले बताउनुभयो । गतवर्ष रु ८५ प्रतिकिलो सुन्तलाको मूल्य कायम भएको थियो।

"यसअघि मङ्सिरमा रङ र गुलियो नपस्दै सुन्तला बजार पठाउँदा नराम्रो सन्देश गएको थियो। किसानले व्यापारीले जति भने त्यति मूल्यमा सुन्तला बेच्ने गरेका थिए", उहाँले भन्नुभयो, "पछिल्लो तीन वर्षयता किसानले सामान र उचित मूल्य पाउने, पाकेको गुणस्तरीय र स्वादिलो सुन्तला बजारमा जाने वातावरण बनाएका छौँ ।"कृषि ज्ञान केन्द्रले बास्कुनालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बल्क कार्यक्रममा समेटेको छ । सुन्तला बगैँचा व्यवस्थापन गर्ने औजारका साथै झ्याङ, क्रेट, झरेका सुन्तलाको दाना व्यवस्थापन गर्ने प्लास्टिकको थैलोलगायतका सामग्री सहयोग गरिएको केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो।

प्रदेश सरकारमार्फत तीन वर्षअघि बास्कुना, सुर्केमेला र थामडाँडाका लागि बालमखोला सिँचाइ आयोजना निर्माण भएको थियो । सिँचाइ सुविधा भएपछि सुन्तलाखेती गरेका किसानलाई सहज भएको छ। बेनी-थामडाँडा-बरङ्जा सडक स्तरोन्नति नहुनु, बाँदर आतङ्क र सुन्तलाको दाना झर्ने समस्या मुख्य चुनौतीका रुपमा देखिएको किसानले बताएका छन्।किसानसमेत रहेका वडासदस्य खत्रीले बेनी-थामडाँडा सडक स्तरोन्नति, सिँचाइ आयोजनाको क्षमता विस्तार गर्न पहल गरेको र दाना झर्ने समस्या समाधानका लागि कृषि निर्देशनालयसँग समन्वय गरेको बताउनुभयो।रासस

# पोखरामा जलन (बर्न) अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन सुरु

कास्की। देशको पर्यटकीय सहर पोखरामा जलन (बर्न) अस्पताल निर्माणका लागि आवश्यक परामर्श तथा सम्भाव्यता अध्ययन सुरु भएको छ। पोखरा-२७ स्थित साविक लेखनाथ नगरपालिका कार्यालय रहेको जमिनमा महानगरले एक सय बेड क्षमताको जलन र विशेषज्ञ अस्पताल निर्माणको योजना अघि सारेको हो।

यस योजनामा कोरियन सहयोग नियोग (कोइका)ले सहयोग गर्ने र त्यसका लागि सम्भाव्यता अध्ययन गर्न कोइकाको टोली पोखरा आएको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार कोइकाका देशीय निर्देशक मुहेन कोङसहित विभिन्न विषयका १७ जना कोरियाली विज्ञहरूको टोलीले पोखरामा रहेर अस्पताल निर्माण सम्बन्धमा आवश्यक परामर्श गरिरहेको छ।महानगर प्रमुख आचार्यले भन्नुभयो, "पोखरामा विशिष्टीकृत बर्न हस्पिटल बन्ने पक्का भएको छ। यो अस्पताल बनेपछि पोखरा र यस वरपरका बासिन्दालाई अत्याधुनिक विशेषज्ञसहितको स्वास्थ्योपचार सुविधा प्राप्त हुनेछ। कोइकाको उच्चस्तरीय टोलीले यसका लागि विस्तृत अध्ययन सुरु गरिसकेको छ।"



विसं २०८१ फागुन ३ गते पोखरा भ्रमण वर्ष २०२५ उद्घाटन गर्ने क्रममा बेलुन विस्फोट हुँदा तत्कालीन उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र महानगर प्रमुख आचार्य जलेर घाइते हुनुभएको थियो । पोखरामा जलनको अस्पताल नभएपछि उहाँहरूलाई काठमाडौँमा उपचार गरिएको थियो ।सोही घटनापछि महानगर प्रमुख आचार्यले पोखरामा सुविधासम्पन्न बर्न अस्पतालको खाँचो महसुस गरी अस्पताल बनाउने घोषणा गर्नुभएको थियो। महानगरको चालु वर्षको नीति तथा कार्यक्रममा समेत अस्पताल बनाउने विषय समेटिएको छ।

महानगरका अनुसार साविक लेखनाथ नगरपालिका कार्यालय रहेको क्षेत्रमध्ये तीन रोपनीमा वडा नं २७ को कार्यालय निर्माण भइसकेको छ । त्यसैगरी, पाँच रोपनीमा एसियाली विकास बैङ्कको सहयोगमा विपद् व्यवस्थापन केन्द्र निर्माण प्रक्रिया अघि बढेको छ ।नगरपालिकाको बाँकी रहेको २८ रोपनी जमिनमा जलन अस्पतालसँगै प्रसूति तथा स्त्रीरोग, बालबालिका, ट्रमा, मिर्गौला तथा अन्य आवश्यक विशिष्ट सेवा समावेश गरी 'स्पेशलाइज्ड हस्पिटल'का रूपमा विकास गर्ने योजना रहेको छ ।रासस

# राँगा पाल्ने किसानलाई अनुदान



पर्वत। विहादी गाउँपालिकाले व्यावसायिक रुपमा राँगापालन गर्ने किसानलाई प्रोत्साहनका लागि अनुदान वितरण गर्ने भएको छ । कृत्रिम गर्भाधान सेवा गाउँगाउँमा विस्तार भए पनि किसान आकर्षित हुन नसकेको भन्दै राँगा पाल्ने किसानलाई प्रोत्साहन गर्ने भएको हो। प्रजननका लागि राँगा पालेका किसानलाई उक्त अनुदान उपलब्ध गराइने भएको हो।

ग्रामीण क्षेत्रमा कृत्रिम गर्भाधान सेवा प्रभावकारी नभएको र किसानले कृत्रिम गर्भाधानभन्दा परम्परागत रुपमा राँगाबाटै भैँसीलाई प्राकृतिक गर्भाधान लगाउने भएकाले राँगा पाल्ने किसानलाई पहिलो पटक अनुदान दिन थालिएको गाउँपालिकाका अध्यक्ष प्रवीन गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा १५ जना किसानलाई अनुदान दिने कार्यक्रम रहेको छ।

राँगापालक किसानलाईप्रति राँगा रु १० हजार प्रोत्साहन रकम अनुदान दिइने भएको छ । किसानहरुको हौसलास्वरुप यस वर्षदेखि रु १० हजारबाट कार्यक्रम अघि बढाउन थालिएको हो । आगामी आर्थिक वर्षदेखि यो रकम थप गर्दै लगिने अध्यक्ष गुरुङको भनाइ छ।

गाउँपालिकामा छ वडा रहेका छन् । प्रत्येक वडामा दुईदेखि तीन जनासम्म किसानले भैँसीलाई प्रजनन गराउने उद्देश्यले व्यावसायिक रुपमा राँगा पाल्ने गरेका छन्। किसानले माग गरेको अवस्थामा जुनसुकै स्थानमा वा किसानको घरगोठमै राँगा लगेर सेवा दिने भएकाले उनीहरुलाई प्रोत्साहनको आवश्यकता देखिएको अध्यक्ष गुरुङको भनाइ छ।

गाउँपालिकाले लागू गरेको यो कार्यक्रमअन्तर्गत एक वटा प्रजननयोग्य राँगाका लागि प्रति एकलाई रू १० हजार अनुदान उपलब्ध गराइने उल्लेख छ। यसका लागि चालु आर्थिक वर्षमा रु एक लाख ५० हजार बजेट विनियोजन गरिएको प्रमुख प्रशासकिय अधिकृत थमनबहादुर रेश्मीले जानकारी दिनुभयो। उहाँका अनुसार अनुदान लिनका लागि राँगा पालकले निवेदन, नागरिकताको प्रतिलिपि र वडाको सिफारिस, फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ।

यसैगरी नियमित खोप लगाएको खोप कार्डको प्रतिलिपि, राँगा र प्रजननयोग्य राँगाको फोटो, अन्य सङ्घ/संस्थाबाट यसअघि अनुदान नलिएको घोषणापत्र, अनुदान पाएपछि तीन वर्षसम्म फार्म सञ्चालन गर्ने प्रतिबद्धतापत्रसमेत उल्लेख गर्नुपर्ने पालिकाले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

गाउँपालिकाले यस कार्यक्रमले स्थानीय किसानलाई राँगा प्रजनन व्यवसायमा प्रोत्साहित गरी पशुपालन व्यवसायलाई दिगो बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरेको छ । गाउँपालिकाले यसअघि स्थानीय जातका गाई, दूध उत्पादन गर्ने उन्नत जातका गाईभैँसी पाल्ने किसानलाईसमेत अनुदान उपलब्ध गराउँदै आएको छ । कृषि र पशुपालनलाई बढी प्राथमिकतामा राखेको विहादीले यसवर्ष किसानलाई विभिन्न किसिमका रु चार करोडभन्दा बढी अनुदानमूलक कार्यक्रम राखेको प्रमुख रेश्मीले जानकारी दिनुभयो ।रासस

# दरबारको सौन्दर्यीकरणपछि पर्यटकको आकर्षण बढ्दै

गलकोट। एक सय वर्ष पुरानो बागलुङको ऐतिहासिक गलकोट दरबार अवलोनक गर्ने आन्तरिक पर्यटकको सङ्ख्या एक वर्षमै २० हजार पुगेको छ।

यहाँको पुरानो सदरमुकाम रहेको गलकोटको हरिचौर बजार स्थित दरबारको संरक्षणसँगै दरबार क्षेत्रलाई थप सौन्दर्य बनाएपछि यहाँ आन्तरिक पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हो।

दरबार संरक्षण अभियानमा लागिरहनुभएका मन्जेस बम मल्लका अनुसार दरबारको सौन्दर्यीकरण र यहाँ खाने तथा बासोबासको व्यवस्थापनसमेत भएपछि आन्तरिक पर्यटकको आकर्षण बढेको हो।

द्वन्द्वकालमा तत्कालीन मल्ल राजाका सन्तान विस्थापित भएपछि जीर्ण भएको दरबार हाल पुरानै स्वरुपमा फर्काइएको छ। दरबारका झ्यालढोका पुरानै स्वरुपमा बनाइएका छन् भने रङरोगन र मर्मतपछि चिटिक्क बनाइएको छ। दरबार क्षेत्रमै तीन वर्षदेखि रेष्टुराँ सञ्चालनमा ल्याइएको छ। दरबार क्षेत्रमा रहेको पुरानो घर र गोठलाई मौलिक रूपमा पुनर्निर्माण गरी रेष्टुराँ सञ्चालनमा ल्याइएको हो।

गलकोट राज्य सञ्चालन भएको जीवित इतिहास रहेको दरबार संरक्षणसँगै पर्यटक आर्कषण गर्ने प्रमुख माध्यम बनेको तत्कालीन राजा भरतबम मल्लका नाति मञ्जेश बम मल्लले बताउनुभयो। उहाँले पुर्खाको नासोलाई संरक्षण गरेर पर्यटक लोभ्याउने नीतिअनुसार काम गर्दा गत वर्ष मात्र २० हजारले दरबार अवलोकन गरेको बताउनुभयो। दरबारमा तस्बिर खिच्न, भिडियो बनाउन, अध्ययन तथा अवलोकन गर्न आउनेको सङ्ख्या दैनिक रूपमा बढ्दै गएको मल्लले जानकारी दिनुभयो।

मल्लसहितका चार युवाले रु ५० लाख लगानीमा यहाँ रेष्टुराँ सञ्चालनमा ल्याउनुभएको छ ।रासस

# परम्परागत पानीघट्टाको प्रचलन हराउँदै

भोजपुर । गाउँघरमा कुटानीपिसानीका लागि प्रयोग हुँदै आएको परम्परागत पानीघट्टा चलाउने प्रचलन भोजपुरमा क्रमशः हराउँदै गएको छ । संरक्षण अभावमा पानीघट्टाजस्ता परम्परागत साधन ओझेलमा पर्न थालेका हुन्।

ओरालोमा पानीलाई कुलोमार्फत झारेर पङ्ग्रा घुमाइ ढुङ्गाको जातोको साहाराले मकै, गहुँ, कोदो, फापर, जौंलगायत अन्न पिस्ने पानीघट्टा विगतमा ग्रामीण क्षेत्रको प्रमुख कुटानीपिसानी विधि थियो । गाउँघरका बासिन्दाले कुटानी-पिसानीका लागि सहज, सस्तो र सरल विकल्पका रूपमा पानीघट्टालाई अपनाउने गर्थे। तर, अहिले पानीघट्टा चलाउने परम्परा हराउँदै गएको टेम्केमैयुङ-५ का वृद्ध बेनीबहादुर विष्ट बताउनुहुन्छ।

"अहिले पानीघट्टाको चलन हराउँदै गएको छ", उहाँले भन्नुभयो,



"पहिला टोलभरिका मानिस कुटानीपिसानी गर्न पानीघट्टा आउने गर्थे, अहिले यो पुरानो चलन लोपहुँदै गएको छ।" पानीघट्टामा कुटानीसिपानी गर्दा विद्युतीय तथा डिजेल, पेट्रोलबाट सञ्चालन हुने मिल भन्दा सस्तो पर्ने टेम्केमैयुङ-५ मा पानीघट्टा सञ्चालन गर्दै आउनुभएका हरिबहादुर लम्सालले बताउनुभयो।

पछिल्लो समय पानीघट्टा चलाउने प्रचलन लोपहुँदै गएको उहाँले बताउनुभयो । आफूले भने परम्परागत सामग्रीको संरक्षण गर्ने लक्ष्यले पानीघट्टा चलाउँदै आएको उहाँको भनाइ छ । "पानीघट्टामा पिसिएको अन्न स्वादिलो हुन्छ", उहाँले भन्नुभयो, "आधुनिक प्रविधिको विकाससँगै यस्ता परम्परागत सामग्री हराउँदै गइरहेका छन्, मैले भने परम्परा जोगाउन निरन्तर चलाइरहेको छु।" रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

जिल्ला धनुषा शान्तिपुर गा.वि.स. वडा नं.८ हाल बटेश्वर गा.पा. वडा नं. ५ मा बस्ने रामबहादुर मुखियाको श्रीमती मिना मुखियाको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ.मा वस्ने गुली विन मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाँउमा बसोवास नभएको र निजको शेष पछि हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बुबा, आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी र ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र दाजु भाईहरू कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही लगतमा गुली विनको नाउँ हाल सम्म यथावत कायम रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी मिना मुखियाले मिति २०८१/०९/२६ गतेमा दिएको निवेदनमा कारवाही हुँदा दावी जग्गाको मोही गुली विन वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरू कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरू साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। दावी जग्गाबाट मोही गुली विन नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि. नं. | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | मोहीको नाम | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|---|
| १. | शान्तिपुर | ८ | ११ | ०-०-८-० | गुली विन | मिना मुखिया |



## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

## मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही सेख महमजान (मलेनीया ९ नं. वार्ड) मरुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | ठेगाना | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| कलामुन नेसा | यमुनामाई गा.पा. वडा नं. ३ | रौ. | राजपुरतुल्सी | ९क | १३५ | ०-१०-० |

**मरुवा मोही :- सेख महमजान (मलेनीया ९ नं. वार्ड)**



## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

## मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही जगदीश कानु (प्रेमपुर गोनाही) मरुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | ठेगाना | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सत्यलाल ठाकुर | देवाही गोनाही न.पा. वडा नं. ७ | रौ. | प्रेमपुर गोनाही | ५ | २४०/९८० | ०-३-० |
| सिमा कुमारी देवी | देवाही गोनाही न.पा. वडा नं. ७ | रौ. | प्रेमपुर गोनाही | ५ | २४०/९८१ | ०-३-० |

**मरुवा मोही :- जगदीश कानु (प्रेमपुर गोनाही)**

# राजविराजको करदाता कार्यालय खारेज नहुने



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीको राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल खारेज हुने निर्णय रोकिने भएको छ। मधेश प्रदेश सरकारका अर्थमन्त्री महेश प्रसाद यादवले संघीय अर्थमन्त्री रामेश्वर खनाललाई ध्यानाकर्षण पत्र बुझाउँदै खारेज नगर्न आग्रह गरेको छ।

गत कार्तिक १७ गतेको नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार देशभरका करदाता सेवा कार्यालय खारेज गरिने निर्णय भएपछि सप्तरीका उद्योगी-व्यवसायी आन्दोलित भएका थिए। ७२ हजारभन्दा बढी करदातालाई कर तिर्न वा सम्बन्धी कामका लागि लहानसम्म जानुपर्ने समस्या उत्पन्न प्रदेश अर्थमन्त्री यादवले संघीय अर्थमन्त्री खनालसँग ध्यानाकर्षण पत्र बुझाउँदै तत्काल निर्णय पुनर्विचार गराउन आग्रह गरेका हुन्।

मन्त्री यादवले राजविराजमा कार्यालय सञ्चालनका लागि जग्गा, प्रशासकीय भवन र पूर्वाधार उपलब्ध रहेको र त्यहाँका करदातालाई पनि लहान पुग्न निकै समस्या हुने विषय अघि सारेपछि तत्काल सो निर्णय रोकिने भएको छ। संघीय अर्थमन्त्री खनालले मन्त्री यादवको माग सकारात्मक लिँदै तत्काल खारेज नगर्ने प्रतिबद्धता जनाएको मन्त्री यादवले जानकारी दिएका छन्।

यसअघि सगरमाथा अञ्चलको सदरमुकाम रहँदा राजविराजमै कर कार्यालय थियो। पछि सो कार्यालय लहान सारिएको थियो। स्थानीय उद्योगी व्यवसायी, राजनीतिकर्मी लगायतका व्यक्तिहरुको लामो समयको पहलपछि करदाता सेवा कार्यालय २०७५ सालमा राजविराजमा स्थापना भएको थियो।

स्थानीय उद्योगी व्यवसायीहरूले गत असोज २१ गतेदेखि जिल्लामा आन्दोलित भएपछि अर्थमन्त्रिमा नियुक्त हुँदै यादव काठमाडौं पुगेर यस विषयमा अग्रसरता लिएका छन्। राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल यहीँ रहिरहने मन्त्री यादवले बताएका छन्।

'अब राजविराजमै कर कार्यालय स्थापनाको विषयमा अर्थमन्त्रीज्यूसँग छलफल भएको छ, मन्त्री यादवले भने,-सो सम्बन्धमा केही दिनभित्र सरोकारवालासँग बृहत छलफल गरी औपचारिक प्रक्रिया अघि बढाइनेछ।

# भागबण्डा खेलमा पटक पटक मन्त्रालय टुक्रयाइयो

**संविधानमा प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी मन्त्री बनाउन भनिएको कुराको फाइदा उठाउंदै मधेश लगायत अन्य प्रदेशले पनि दलीय भागबन्डा मिलाउन मन्त्रालयको संख्यामा फेरबदल गर्दै टुक्रयाउंदै आएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश स्थापनाकालदेखि नै गठबन्धनका सरकार रहेका कारण भागबण्डा मिलाउन पटक पटक मन्त्रालय टुक्रयाउँदै आइएको छ।

सातवटा मन्त्रालयबाट गठित मधेशका मन्त्रालयहरु टुक्रयाएर अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित १२ वटा बनाइएको छ। जति पटक सरकारमा दलहरुको सहभागितामा बढोतरी हुँदै त्यति पटक मन्त्रालय टुक्रयाएर संख्या बढाउँदै गएको देखिन्छ।

तात्कालिन प्रदेश नं. २ स्थापना हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय सहितका गठन भएका थिए।

तर, सरकार परिवर्तनसँगै दलहरूबीचको भागबन्डा मिलाउन मन्त्रालय फुटाएर हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वन तथा वातावरण, अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन, शिक्षा तथा संस्कृति, खेलकुद तथा समाज कल्याण, ऊर्जा, सिचाई तथा खानेपानी, स्वास्थ्य तथा जनसंख्या, भूमि, व्यवस्था तथा सहकारी, गृह, संचार तथा कानून, श्रम तथा रोजगार र भौतिक पूर्वाधार विकास सहितका १२ वटा मन्त्रालय बनाइएको छ।

संघीय प्रशासन पुनःसंरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या सात वटा हुनुपर्ने सिफारिस गरेको थियो। तर, संविधानमा प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी मन्त्री बनाउन भनिएको कुराको फाइदा उठाउँदै मधेश लगायत अन्य प्रदेशले पनि दलीय भागबन्डा मिलाउन मन्त्रालयको संख्यामा फेरबदल गर्दै टुक्रयाउँदै आएको छ।




मधेश प्रदेशमा पहिलोपटक जसपा नेपालबाट मुख्यमन्त्री बनेका लालबाबु राउतको कार्यकालमा २०७८ सालमा मन्त्रालय विभाजन गरिएको थियो। कांग्रेस र माओवादी केन्द्रलाई सरकारमा सहभागी गराउन सामाजिक विकास मन्त्रालयलाई टुक्र्याएर महिला तथा बालबालिका र युवा तथा खेलकुद मन्त्रालय निर्माण गरी ७ वटाबाट ८ वटा मन्त्रालय बनाइएको थियो।

सोही बेला आर्थिक मामिला तथा योजना मन्त्रालयको नाम पनि परिवर्तन गरी अर्थ मन्त्रालय बनाइयो । सरकार टिकाउन भागवण्डा मिलाउन सोही वर्ष सरकारमा नेकपा (एकीकृत समाजवादी) सहभागी हुँदा फेरि मन्त्रालय विभाजन गरेर संख्या ११ पुरयाइयो । त्यस बेला सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय टुक्र्याइएको थियो। त्यस बेला सामाजिक विकास मन्त्रालयबाट शिक्षा तथा संस्कृति मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालयबाट छुट्टै वाणिज्य मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय बनाइएको थियो।

मधेस प्रदेशसभाको दोस्रो कार्यकालको सुरुआतसँगै पुस २०७९ मा मुख्यमन्त्री बनेका जसपा नेपालका सरोजकुमार यादवले गठबन्धनका दलहरूबीच भागबन्डा मिलाउन पुनः मन्त्रालयहरू टुक्रायाए।

उनले गृह, सञ्चार तथा कानून मन्त्रालयबाट कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट मन्त्रालयबाट श्रम तथा यातायात मन्त्रालय नयाँ मन्त्रालय बनाए भने उद्योग, पर्यटन तथा वन मन्त्रालयलाई विभाजन गर्दै थप वन तथा वातावरण मन्त्रालय बनाए।पछि कानून मन्त्रालयलाई पुनः गृह मन्त्रालयमै गाभियो।

उनको कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित गृह सञ्चार तथा कानुन मन्त्रालय, अर्थ मन्त्रालय, खेलकुद तथा समाज कल्याण मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बनाए।

महालेखापरीक्षकको कार्यालयको ६२ औं वार्षिक प्रतिवेदनमा पटक पटक मन्त्रालयका कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार कार्यसम्पादन, एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहीमा समस्या देखिएको औंल्याइएको छ।

मधेस प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थाको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त वितरणअनुसार प्रदेशअन्तर्गत चार हजार १०१ दरबन्दी रहेकामा हाल एक हजार ६५९ पदपूर्ति भई दुई हजार ४४२ पद रिक्त छन्। प्रदेश लेखा नियन्त्रण कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार कर्मचारीको तलब, भत्तालगायत पारिश्रमिकमा एक अर्ब ७८ करोड ६२ लाख रुपैयाँ खर्च हुँदै आएको छ।

# २२ जना फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका विभिन्न मुद्दाका २२ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ भने किर्तेगरी सरकारी जग्गा आफनो नाउँमा गर्ने एकजना समेत पक्राउ परेको छ।

फैसला कार्यान्वयन अन्र्तगत प्रहरीले जिल्लाका विभिन्न स्थानमा लुकिछिपी बसिरहेका ती व्यक्तिहरूलाई खोजतलास गर्दै पक्राउ गरी आवश्यक कारबाहीका लागि रौतहट जिल्ला अदालतमा उपस्थित गराएको हो।




जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी टोलीले लामो समयदेखि फरार रहेका बहुविवाह, चेक बाउन्स, जालसाजी, सामाजिक अपराध, कुटपिट र लेनदेनसम्बन्धी मुद्दामा संलग्न प्रतिवादीहरूलाई क्रमशः नियन्त्रणमा लिएको जनाएको छ।

पक्राउ पर्नेहरुमा शिव कुमार राई ,कल्लाम, सन्तोष साह, राजकिशोर साह, आनन्द तिवारी , सुशील यादव , सुनीता बैठा, दशरथ दास ततमा, शिव दास ततमा, सनारपतिया ततमाईन, बिचय दास ततमा, रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णुप्रदीप बस्यालले बताएका छन्।

त्यस्तै गंगाराम राय यादव, शिवकली देवी ,रुबी कुमारी पाल, रेवती देवी पाल, बन्हु राउत पाल, राजेश्वर महतो तुनिया, महादेव राय कुर्मी, विपती देवी, गाईत्री देवी , गंगामाया श्रेष्ठ, ओम नारायण महतो समेत पक्राउ परेका छन्।

पक्राउ परेका प्रतिवादीहरु बाट कुल कुल २९ हजार ६०७ रुपैयाँ जरिवाना र ११ महिना २५ दिन कैद सजाय भुक्तानीको लागि जिल्ला प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बिष्णुप्रदीप बस्यालका अनुसार फरार अपराधीविरुद्ध सञ्चालन गरिएको विशेष खोजी अभियानका क्रममा प्रतिवादीहरू पक्राउ परेका हुन्। बस्यालले अदालतको फैसला कार्यान्वयनमा प्रहरीले शून्य सहनशीलता अपनाएको तथा अन्य फरार प्रतिवादीको खोजी पनि तीव्र पारिएको जानकारी दिएका छन्।

उता सरकारी जग्गामा किर्ते कागजात बनाएर आफ्नो नाममा लालपुर्जा खडा गरेको आरोप लागेका गुजरा नगरपालिका-४ कनकपुर टोलका ५८ वर्षीय शेख मेराजलाई रौतहट जिल्ला अदालतको आदेशपछि पुर्पक्षका लागि कारागार पठाइएको छ।

अदालतले बुधबार गरेको आदेशअनुसार उनलाई गौर कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ। लामो समयदेखि फरार रहेका मेराजलाई प्रहरीले गत कार्तिक २७ गते विशेष सूचनाका आधारमा पक्राउ गरेको थियो।

अनुसन्धान अनुसार मेराजसहितका प्रतिवादीले नेपाल सरकारको नाममा रहेको कटहरिया नगरपालिका -१ भसेढ्वा स्थित दलित बस्तीलाई किर्ते जलसाजी गरि आफ्नो नाममा लालपुर्जा खडा गरी दलित बस्तीलाई उठिवास लगाउने मनसाय देखिएको थियो। उनले सरकारी स्वामित्वको ११ विगहा ७ कट्ठा १५ धुर जग्गा नक्कली कागजात तयार गरी जग्गाधनी प्रमाण-पत्र (लालपुर्जा) निकालिएको खुलेको छ।

त्यसकै आधारमा मालपोत, भूमिकर रसिददेखि चारकिल्ला प्रमाणित गराएर सरकारी जग्गा हिनामिना गर्ने प्रयास भएको जिल्ला प्रहरी प्रमुख एसपी रबिन कार्कीले बताए । गैरकानुनी कागजात तयार पार्ने प्रक्रियामा संलग्न अन्य व्यक्तिहरूको पनि खोजी तीव्र पारिएको छ।

नेपाली प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको पत्र र प्रारम्भिक उजुरीका आधारमा दर्ता भएको मुद्दामा प्रमाण संकलनपछि सरकारी वकिलको कार्यालयमार्फत अभियोजन पत्र अदालतमा पेश गरिएको बस्यालले बताए। अदालतको आदेशअनुसार शेख मेराजलाई पुर्पक्षका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ।


# कांग्रेस सदस्यता छानबिन समितिको संयोजकमा यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको क्रियाशील सदस्यता केन्द्रीय छानबिन समितिको संयोजकमा पार्टीका सहमहामन्त्री महेन्द्र यादवलाई मनोनयन गरिएको छ।

पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा २५(९) बमोजिम क्रियाशील सदस्यता केन्द्रीय छानबिन समिति' को संयोजकमा यादवलाई कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले मनोनयन गरेका हुन्।

समितिको सदस्यमा शिवप्रसाद हुमागाइँ, प्राडा गोविन्दराज पोखरेल, अजयबाबु शिवाकोटी र शान्ति परियार विकलाई मनोनयन गरिएको पार्टी केन्द्रीय



कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिएका छन्। कार्यवाहक सभापति खड्काले पार्टीको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार उक्त समिति गठन गरेको मुख्यसचिव पौडेलले बताएका छन्।

उक्त समितिले 'सदस्यता व्यवस्थापन केन्द्रीय समिति' बाट सहमति भई आएको क्रियाशील सदस्यता (नयाँ र नवीकरण) को सूची र प्रतिवेदन समयभित्र अध्ययन गरी क्रियाशील सदस्यतासम्बन्धी आएका उजुरी उपर छानबिन गरी तोकिएको समयभित्र क्रियाशील सदस्यता (नयाँ र नवीकरण) को अन्तिम सूची तयार गर्नेछ।

# बालबालिकाको समस्यामा गम्भीर हुनुपर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बालवालिका सम्बन्धी समस्या समाधानका लागि प्रहरीले गम्भीरतापूर्वक लाग्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन्।

जनकपुरधाममा आयोजित एक कार्यक्रममा नेपाल प्रहरीले वाल अधिकार संरक्षण तथा सम्बर्द्धनका



लागि मधेश प्रदेशमा सञ्चालन गरेको कार्यक्रमको समीक्षा तथा छलफल कार्यक्रममा सहभागिहरुले सो विषयमा जोड दिए।

मधेश प्रदेशका विभिन्न जिल्लाका महिला तथा वालवालिका शाखामा कार्यरत रहेका प्रहरी अधिकृत तथा प्रहरीहरुको सहभागितामा भएको छलफलमा मधेश प्रदेशमा लागु पदार्थको दुर्व्यशन, बालविवाह, बालवालिकाको जोखिमपूर्ण श्रम, वेचविखन तथा यौन हिंसाका कारणले धैरै बालवालिकाहरु पिडित हुनु परेको बताउदै पछिल्लो समयमा सामाजिक सञ्जालका कारणले बालवालिका माथिको हिंसा बढ्न थालेकोमा त्सवाट जोगिन आमा बुबा नै सचेत रहन जरुरी रहेको प्रहरीहरुले बताएका थिए।

विद्यालय तहवाट नै उमेर नपुग्दै बालवालिकाहरु भाग्ने समस्या बढ्दै गएको र त्यस सम्बन्धि उजुरीहरु बढी मात्रामा प्रहरीको महिला तथा वालवालिका शाखाहरुमा पर्ने गरेको मधेश प्रदेश प्रहरी कार्यालयका महिला तथा बालवालिका शाखाका बरिष्ठ प्रहरी नायव निरीक्षक टेक बहादुर कार्कीले जानकारी दिनु भएको छ।

मधेश प्रदेशका जिल्लाहरुमा आर्थिक वर्ष २०८१/२०८२ मा सामाजिक सञ्जालका कारणले पिडित भएर १ हजार १ सय ५६ जनाले उजुरी दिएको छ । यसै गरि बालवालिका माथि विभिन्न प्रकारका हिंसा सम्बन्धि उजुरी १ हजार १ सय रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले बालवालिकाहरुमा हुने गरेको विभिन्न प्रकारको हिंसाको प्रभावकारी नियन्त्रणका लागि तीनै तहका सरकारका बीचमा एकीकृत प्रयास हुन जरुरी रहेको बताउनु भयो। उहाँले पछिल्लो समयमा मधेश प्रदेशका जिल्लाहरुमा लागु औषधको दुर्व्यशन, बालविवाह, अन्तरजातिय तथा अन्तरधार्मिक विवाह, सामाजिक सञ्जालका कारणले बालवालिका माथिको हिंसामा बृद्धि भएको बताए।

राष्ट्रिय वाल अधिकार परिषदका पूर्व अध्यक्ष डिल्लीराम गिरीले मधेश प्रदेशका जिल्लाहरुमा ठेकेदारले खनेको खाल्डो तथा पोखरीमा वर्षेनी रुपमा सैकडौ बालवालिकाहरुको डुवेर मृत्यु हुने गरेको बताउदै त्यसलाई रोक्न तथा दोषि माथि कडा कारवाही हुनु पर्ने बताए।

# गोपालको साधारण सभा सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । गोपाल सेवा समितिको ३४औं वार्षिक उत्सव तथा साधारणसभा सम्पन्न भएको छ।

बिहीवार जनकपुरधाममा सम्पन्न सो साधारणको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि विनाविभागीय मन्त्री जङ्गीलाल राय यादवले यादव जातिहरुले एकजुट भई गोपाल सेवा समितिलाई अघि बढाउनुपर्नेमा जोड दिए।

केन्द्रीय अध्यक्ष बजरंग यादवको अध्यक्षतामा भएको वार्षिक उत्सव तथा साधारणसभामा मन्त्री यादवले यदुवंशीको इतिहास सम्झाउँदै भगवान श्रीकृष्णबाट प्रेरित भएर अघि बढ्नुपर्ने अहिलेको आवश्यक्ता रहेको बताएका थिए।

कार्यक्रममा केन्द्रीय अध्यक्ष यादवले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै देशका २२ जिल्लामा गोपाल सेवा समिति सक्रिय रहेको बताए। संस्थाको विगतका गतिविधि, उपलब्धि तथा भविष्यका योजनामाथि गहन छलफल गर्दै संस्थागत सुदृढीकरणतर्फ महत्वपूर्ण सन्देश दिएको अध्यक्ष यादवले बताए।

केन्द्रीय महिला उपाध्यक्ष सबिता यादवले स्वागत मन्तव्य राखेकी कार्यक्रममा गोपाल सेवा समितिका पूर्व अध्यक्ष कारी यादव सुमन लगायतका वक्ताहरुले पनि आ आफ्ना धारणा राखेका थिए।

# रामायणी भवन जिर्णोद्धार प्रक्रिया अघि बढाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका ४ स्थित श्रीराम मन्दिर क्षेत्रसँग सम्बन्धित रामायणी भवनको जिर्णोद्धार तथा सौन्दर्यकरण र नयाँ संरचना निर्माण कार्य शुरु गरिने भएको छ।

एडीबीको सहयोगमा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयद्वारा रामायणी भवनको जिर्णोद्धार तथा सौन्दर्यकरण र थप नयाँ संरचना निर्माण कार्य प्रक्रिया अघि बढाइएको छ। केही दिनअघि संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, पुरातत्व विभाग, गुठी संस्थान र स्थानीय संघ संस्थाका प्रतिनिधि तथा समाजसेवीहरुले जिर्ण अवस्थामा रहेका सो रामायण भवनको निरिक्षण गरेका थिए।

निरिक्षणपछि गुठी संस्थानले जनकपुरधाम उपमहानगरपालिका, ई.अ.स. पुलचोक र पुरातत्व विभागलाई ५ सदस्यीय प्राविधिक टोली गठन गर्न पत्राचार गरेको छ।

पुरातत्व विभागबाट इन्जिनियर सहित पुरातत्व अधिकृत, जनकपुर उपमहानगरपालिकावाट इन्जिनियर, इ.अ.सं. पुल्वोक क्याम्पसवाट स्ट्रक्चरल इन्जिनियर र संस्थानबाट इन्जिनियर गरी जम्मा ५ (पाँच) सदस्यीय प्राविधिक टोली गठन गर्ने निर्णय भए अनुरुप कार्यस्थलमा गई विस्तृत स्तर मूल्यांकन र सम्पदा मूल्यांकन गरी जिर्णोद्धार कार्यका लागि प्रतिनिधि तोकी पठाई दिन भनी गुठी संस्थानले पत्राचार गरेको हो।



ती प्राविधिक टोलीले तयार गरेको प्रतिवेदनको आधारमा जिर्णोद्धारसहितको सौन्दर्यकरण र नयाँ संरचना निर्माण कार्य अघि बढाइने संघीय शहरी विकास तथा भवन निर्माण कार्यायले जनाएको छ।

जनकपुर उपमहानगरपालिका ४ श्रीराम मन्दिरको पूर्वतर्फ धनुषसागर तलाउको किनारमा अवस्थित दुइतले रामायण भवनको छत पर्खाल एवं भुइ वि.सं. २०७२ को भुकम्पमा क्षतिग्रस्त भएपनि छत र भित्तामा कमशः हस्तलिखित सम्पूर्ण रामायण र रामायणसँग सम्बन्धित दुर्लभ भित्तेचित्र हालसम्म पनि बुझिने अवस्थामा नै रहेकोले उक्त भवन र त्यसमा रहेका अद्वितीय कला सम्पदालाई जोगाउन यथाशिघ्र जिर्णोद्धार/पुनःनिर्माण/मर्मत संभार गर्नुपर्ने आवश्यकता रहेको भनेको छ।

रामायणी भवन र राम मन्दिर परिसरमा रहेका क्षतिग्रस्त अवस्थाका सत्तल संरक्षणतर्फ सामान्य मर्मत संभार/रेट्रोफिटिङ गर्नुपर्ने हो वा पुनःनिर्माण नै गर्नुपर्ने हो यकिन गरी सिफारिस गर्नुपर्ने देखिएकाले भवन संरचना जिणर्णोद्धार कार्यमा अनुभवी प्राविधिक टोली गठनमा सहयोग गर्न गुठी संस्थानले आग्रह गरेको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८